# ॐ शान्ति सन्देश

द्विमासिक



विजया दशमीको हार्दिक मङ्गलमय शुभकामना - २०७१


























१. जनकपुर : भौतिक योजना तथा पूर्वाधार मन्त्री विमलेन्द्र निधीलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी गंगा माता साथमा ब्रह्माकुमारी दुलारी बहिनी तथा ब्रह्माकुमार सरोज भाइ । २. काठमाण्डौ : कानुन, न्याय, संविधान सभा तथा संसदीय व्यवस्था र शान्ति तथा पुनर्निर्माण मन्त्री नरहरि आचार्यलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी मुना बहिनी साथमा श्रीमती आचार्य तथा अन्य । ३. काठमाण्डौ : वन तथा भूसंरक्षण मन्त्री महेश आचार्यलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी किरण बहिनी साथमा ब्रह्माकुमारी कुसुम बहिनी । ४. काठमाण्डौ : सूचना तथा संचार मन्त्री मिनेन्द्र रिजाललाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी किरण बहिनी । ५. काठमाण्डौ : सिंचाई मन्त्री नारायणप्रसाद साउदलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी किरण बहिनी साथमा ब्रह्माकुमार किशोर भाइ तथा ब्रह्माकुमार उत्तम भाइ । ६. काठमाण्डौ : परराष्ट्र मन्त्री महेन्द्रबहादुर पाण्डेलाई राखी बाँधे पश्चात् ईश्वरीय सौगात दिनुहुँदै ब्रह्माकुमारी किरण बहिनी साथमा ब्रह्माकुमार किशोर भाइ तथा ब्रह्माकुमार उत्तम भाइ । ७. काठमाण्डौ : संस्कृति, पर्यटन तथा नागरिक उ•og मन्त्री भीमप्रसाद आचार्यलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी कुसुम बहिनी साथमा ब्रह्माकुमारी किरण बहिनी । ८. काठमाण्डौ : सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी किरण बहिनी साथमा ब्रह्माकुमारी कुसुम बहिनी । ९. काठमाण्डौ : महामहिम भारतीय राजदुत रञ्जित रे लाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी राज दिदी । १०. गोंगबु, काठमाण्डौ : पूर्व मन्त्री तथा सभासद अर्जुन नरसिंह केसीलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी रीता बहिनी साथमा श्रीमती केसी । ११. ओमबहाल, काठमाण्डौ : पूर्व मन्त्री तथा सभासद अष्टलक्ष्मी शाक्यलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी श्रीलक्ष्मी बहिनी साथमा गीता बहिनी । १२. काठमाण्डौ : प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याललाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी राज दिदी ।

# ॐ शान्ति सन्देश

**वर्ष १४, अंक ३, २०७१, भाद्र - आश्विन**

**का. जि. द. नं ६५/०५७/०५८**


## हार्दिक मङ्गलमय शुभकामना

**असत्यमाथि सत्यको, आसुरी शक्तिमाथि दैवी शक्तिको, रावणमाथि निराकार राम भगवान्को विजयको रूपमा मनाइने महान् पर्व विजया दशमीको शुभ मुहूर्तमा सम्पूर्ण ब्रह्मावत्स भाइ–बहिनीहरू, शुभ चिन्तक महानुभावहरू तथा समस्त आत्माहरूको उत्तरोत्तर प्रगति, समृद्धि, एवं सुस्वास्थ्य दीर्घायुको लागि हार्दिक मङ्गलमय शुभ कामना अर्पित गर्दछौं ।**

ब्रह्माकुमारी राज दिदी
तथा
समस्त दैवी परिवार

## अमृत सूची


| विषय | पृष्ठ |
|---|---|
| १. विजया दशमी मनाऔं | २ |
| २. परोपकार सुखद जीवन | ६ |
| ३. दैवी गुणबाट जीवन सफल | ११ |
| ४. सूक्ष्म मनसा सेवा | १४ |
| ५. देव दूतको सहयोग (चित्र कथा) | १६ |
| ६. वसुधैव कुटुम्बकम् | २० |
| ७. अध्यात्म र वृद्धावस्था | २२ |
| ८. सत्यको विजय | २६ |
| ९. कलियुगका अन्तिम चरण | २८ |
| १०. मनाऊँ विजया दशमी (कविता) | २९ |
| ११. म केवल आत्मा हुँ | ३० |



संरक्षक
**निर्देशक, ब्रह्माकुमारी राजदिदी**

सम्पादक
**ब्रह्माकुमार तिलक बहादुर शाही**

प्रकाशक

**ब्रह्माकुमारी राजयोग सेवा केन्द्र**

विश्व शान्ति भवन, ब्रह्माकुमारी मार्ग, ज्याठा, ठमेल, काठमाण्डौ

फोन : ४२४९०५८,४२६२३३०

E-mail : omshantisandesh@gmail.com, rajyoga@ecomail.com.np

कला निर्देशक
**प्रा. राधेश्याम मुल्मी**

मुद्रण
**शारदा प्रिन्टिङ्ग प्रेस**
न्यू प्लाजा, पुतली सडक फोन : ९८५१०६७८८४




मानिस आफ्नो गुणबाट अगाडि बढ्छ न कि अरूको कृपाबाट ।

सम्पादकीय



# विजया दशमी मनाऔं रावणलाई योगाग्निमा जलाऔं

दशैं, बडा दशैं, विजया दशमी, दशहरा एक सर्वोत्कृष्ट, सर्वोच्च र सर्वोत्तम पर्व हो । यस पर्वका हर पक्ष र पहलु अद्बितीय छन्, हर दिन प्रेरणादायी छन् अनि हर घडी हर्षोल्लासमय छन् । यस बेला कतै चङ्गा चेटको रमणिक गुञ्जन, कतै पीङ मच्चाइको आनन्द, कतै शक्ति पूजनको रौनक, कतै मंगल-मिलनको सुन्दर क्षणले सबै अपार खुशीमा मस्त रहन्छन् । यस पर्वमा आत्मा-आत्मा बीचको आत्मीयता, हृदय-हृदय बीचको हार्दिकता र आपसी मिलनको मौलिकताको यो क्षण अत्यन्तै अनुपम हुन्छ । आश्विन शुक्ल पक्षको प्रतिपदादेखि कोजाग्रत पूर्णिमा सम्मका दिनमा कुनै न कुनै नवीनता, विशेषता र प्रफुल्लता रहेको हुन्छ । आरम्भका दिनमा कुमारी पूजा, दुर्गा पूजा र शक्ति पूजाको बडो श्रद्धा, भक्ति र सात्विकताको वातावरण रहन्छ भने अष्टमी-नवमी कालरात्रीमा अवोध, निरीह प्राणीको निर्मम हत्या, बलि र संहारको अत्यन्त तामसिक रूप देखिन्छ । मानौ मानव निरीह प्राणिको महाकालको रूपमा उपस्थित भएको छ । घटस्थापनाको दिन बीजारोपण गरेका जमरा फूलपाती दशमीमा निकै सुन्दर र शोभायमान भइसकेका हुन्छन् । विजयको प्रतीक विजया दशमीको मूल दिनमा त सबैको निधारमा राता अक्षता र जमराको रौनक साह्रै राम्रो देखिन्छ । राष्ट्रिय पर्व र उत्सवको यस शुभ मुहूर्तमा देश-विदेशमा गएका व्यक्तिहरू आफ्ना माता-पिता र अग्रजबाट टीका थाप्न, आशीर्वाद लिन घरमा पुग्ने भएकोले एक विशेष प्रकारको रमणिक वातावरण छाएको हुन्छ । विजया दशमीको यस महत्वपूर्ण क्षणमा परस्पर शुभ भावना, शुभकामना र शुभेच्छाका कोशेलीहरू विभिन्न माध्यमबाट वर्सिरहेका हुन्छन् । प्रचण्ड गर्मीको धुलो-मैलो र घनघोर वर्षातको हिलो-मैलोलाई पार गर्दै प्रकृतिले समेत काँचुली फेरेको हुन्छ । प्रकृतिको यस हरा-भरा सुन्दर रूपले सबैको हृदयलाई लोभ्याएको हुन्छ । वर्षमा एक पटक आउने बडा दशैंमा हर वर्ग र पक्षका व्यक्तिहरू बडो आनन्द विभोर हुँदै हर्ष, खुशी र प्रसन्नताका साथ विविध प्रकारका भोजनको स्वादमा रमाउँदै भव्यताका साथ त्यौहार मनाइरहेका हुन्छन् । विजया दशमी एक मंगल मिलनको त्यौहार हो । पारिवारिक मिलनको यो क्षण साह्रै प्रभावकारी, चमत्कारी र प्रेरणादायी हुन्छ ।

विजया दशमी सामाजिक, सांस्कृतिक धरोहर मात्र नभई एक विशेष धार्मिक पर्व पनि हो । अझ यस पर्वको गहन आध्यात्मिक रहस्यलाई हेर्ने हो भने बडो विलक्षण र

बेजोडको पर्वको रूपमा पाइन्छ यस पर्वका हर पक्षहरू अति व्यापक, विशाल र वेहद छन् ।

विजया दशमी असत्य माथि सत्यको, अन्धकार माथि उज्यालोको, तामसिकता माथि सात्विकताको, नकारात्मकता माथि सकारात्मकताको, विकारमाथि निर्विकारिताको, आसुरी शक्ति माथि दैवी शक्तिको र रावणमाथि रामको विजयको प्रतीक पर्व हो ।

दशवटा शिर भएको दशानन् रावणको संहार गरी विजय प्राप्त गरेको विजय उत्सवको विशेष पर्व विजया दशमी हो भन्ने प्रचलित मान्यता छ तापनि रामको रावणमाथि विजयको प्रसंग अत्यन्त गहन, धार्मिक र रोचक छ भने रावणको सूक्ष्म रहस्य त झनै मार्मिक छ ।

रावण लंकाको अधिपति, ठूलो विद्वान् र अति चलाक भएर पनि असुर, दानव र राक्षस थियो । उसले भगवान्को आराधना गरेर शक्ति प्राप्त गरेको भए पनि भगवान्का भक्तहरू, साधु, सन्त एवं धार्मिक स्वभावका व्यक्ति माथि ठूलो अत्याचार गर्थ्यो । महात्माहरूले रचेको यज्ञमा ठूलो विघ्न पुऱ्याउँथ्यो । स्वयम् सीतालाई समेत साधुको छद्म भेष धारण गरेर अपहरण गरेको थियो । ऊ सबै विद्यामा निपूण भएर पनि गुणहीन, मूल्यहीन, कलाहीन र चरित्रहीन थियो । एक-दुई मात्र होइन दश शिर भएको रावण बडो विकराल, भयावह र बिभत्स स्वभावको राक्षस थियो । रावणको नाम सुन्ने वित्तिकै पनि मान्छेहरू भयभीत हुन्थे अहिले पनि हुन्छन् । यस्तो डरलाग्दो, भयानक र भीमकाय भएको व्यक्ति रावण यथार्थमा थियो वा ऊ कुनै प्रतीकात्मक, आलंकारिक वा अतिरञ्जनात्मक रूप मात्र हो यस बारेमा तत्वदर्शी, दर्शनशास्त्री र विद्वानहरूको गहन शोध, खोज र अनुसन्धान हुनु आवश्यक छ । तर त्रिनेत्री, त्रिकालदर्शी, सर्वज्ञ निराकार ज्योतिस्वरूप परमात्माले रावणको यथार्थता, वास्तविकता र सूक्ष्मतालाई जुन चित्रण गर्नुभएको छ त्यस अनुसार रावण कुनै वास्तविक साकारी पञ्चतत्वको कायाधारी, मानवीय रूप नभई हर व्यक्ति भित्र रहेको मायावी, आसुरी, दानवी स्वभाव, संस्कारको प्रतीकात्मक रूप मात्र हो ।

वास्तवमा रावण हर नर-नारीमा रहेका पाँच विकार काम-क्रोध-लोभ-मोह-अहंकारको प्रतीक मात्र हो । नरमा भएका यी पाँच विकार र नारीमा भएका यिनै ५ विकारको प्रतीक रावणका १० टाउका देखाएको हो । वर्तमान कलियुगी सृष्टि जम्मा ५ भागमा ३ भाग पानी माथि रहेको २ भाग जमीन एक प्रकारले टापू वा लंका समान नै हो । आज यस विश्वमा रहेका कोही पनि नर-नारी यी ५ विकारबाट मुक्त छैनन्, सबैमा विद्यमान छन् । अतः हर मानवमा रावण मौजुद छ । आफै भित्र रहेको रावणरूपी राक्षसले सबैलाई दुःखी, अशान्त र अप्रसन्न तुल्याएको छ । यही रावण सबैको वास्तविक दुस्मन हो, शत्रु हो, महावैरी हो । यही आत्माको महारोग हो, महाताप हो अनि महापाप पनि हो । यही रोगबाट आज सबै

आत्माहरू आक्रान्त छन्, पीडित छन् र छटपटिएका छन् ।

रावण सबैको वास्तविक दुस्मन भएकोले हर वर्ष दशहरामा रावणको पुतला बनाएर जलाइन्छ । पुतला त्यसकै जलाइन्छ जो महादुस्मन र जिउँदो-जाग्दो छ । मृतक शत्रुको कहिल्यै पनि पुतला बनाएर जलाइँदैन । रावणको पुतला बनाएर जलाउँदा सबै प्रसन्न हुन्छन् बडो खुशीले हेर्छन् कसैले पनि आँखाबाट आसुको थोपा बगाउँदैनन् । आज यस राक्षस बाट कोइ पनि मुक्त छैनन्। रावण वा महाविकार सर्वत्र छ, सर्वव्यापी छ। भनिन्छ –रावणको जल-थल-नभमा आधिपत्य थियो । यस परिप्रेक्ष्यमा हेर्दा आज यी महाविकारहरूले विश्वका कुनै कुनाको कसै व्यक्तिलाई पनि छोडेका छैनन्, हर व्यक्तिमा छन्, हर प्राणीमा छन् ।

जब सम्म हामी आफू भित्रको रावणलाई भगाउँदैनौ, हटाउँदैनौ परास्त गर्दैनौ तबसम्म हामीमा सच्चा सुख, शान्ति, आनन्द, प्राप्त हुन सक्तैन । यो रावणरूपी महाशत्रु हाम्रो मन भित्र, आत्मा भित्र यसरी एकाकार भएर बसेको छ यसलाई हामी अलग गर्न सकिरहेका छैनौ । यही रावण दुस्मनले आज समस्त विश्वलाई कंगाल बनाएको छ, नरक बनाएको छ, पतित बनाएको छ । आज मानव-मानव वीच जुन क्रुरता, बरबरता, अनैतिकता, चरित्रहीनता, हिंसा, जघन्य अपराध एवं तेरो-मेरोको भेदभाव फैलिएको छ ती सबैको मूल कारण नै विकार हो, रावण हो । यस विश्वबाट यदि रावणलाई हटाउने हो भने पलभरमा नै संसार सुख, शान्ति, समृद्धिको थलो बन्न सक्छ। स्वर्ग बन्न सक्छ। जहाँ मानव दिव्य गुणधारी देवता र प्रकृति सतोप्रधान हुन्छ । रावण आत्माको दुर्वलताको प्रतीक हो, रावण आत्माको कमजोरीको नाम हो, रावण आत्माको अशक्तताको रूप हो, अनि रावण मनको मैलोपन हो । जसरी सुन-चाँदी आदि गहनामा परेको मैलोपनलाई हटाउन अति प्रज्वलित अग्निमा राख्नुपर्छ यसबाट शुद्ध, विशुद्ध र चमकदार गहना बन्दछ त्यस्तै हाम्रो आत्मामा रहेको रावणरूपी मैलो कमी-कमजोरीलाई हटाउन आत्मालाई योगाग्निमा राख्नुपर्छ । आत्माको सम्बन्ध सर्वशक्तिमान् परमात्मा सँग जोडनुपर्छ । जसरी डिस्चार्ज व्याट्रीलाई चार्ज गर्न पावरहाउसबाट आएको करेन्ट वा चार्जर सँग जोडदा फूल चार्ज हुन्छ त्यस्तै रावण रूपी विकारले डिस्चार्ज गरेको आत्मारूपी व्याट्रीलाई परमात्मा रूपी पावरहाउस सँग आत्माको सम्बन्ध जोडदै जादा आत्मा फुल चार्ज हुन्छ। अनि आत्मामा रहेका नकारात्मक तत्वहरू समाप्त भएर सकारात्मक शक्ति सुख, शान्ति, आनन्द, प्रेम प्रकट हुन थाल्छन् । जसरी सूर्यको किरण लेन्समा केन्द्रित गर्दा त्यसबाट जुन एउटा मात्र शक्तिशाली किरण प्रवाह हुन्छ त्यसको तल कागजको टुक्रा राख्दा क्षण भरमै भस्म हुन्छ त्यस्तै सर्वशक्तिमान् परमात्मामा आत्मालाई एकाग्र गर्दा आत्मामा रहेका सबै विकार भस्म

हुन्छन् । आत्मा सम्पूर्ण सतोप्रधान बन्छ । घाँस-फुस र कागज-कपडाको रावणको पुतला जलाउदा केवल घाँस-फुस र कागज-कपडा मात्र जल्दछ तर आत्माका विकार रूपी रावण जल्दैन । वास्तविक आत्माको रावण जलाउन परमात्मामा मन र बुद्धि एकाग्र गर्नै पर्छ । किनकि आज विकार रूपी रावणले सबैलाई रुवाएको छ, रावण अर्थात् रुवाउनेवाला । राम अर्थात्  रमाउनेवाला । निराकार राम भगवान्ले रमाउने ज्ञान दिनुहुन्छ, रमाउने कला सिकाउनुहुन्छ, अनि रमाइलो संसार रचेर त्यसको सम्पदा आत्माहरूलाई सुम्पिनु हुन्छ । रमन्ते योगिनः अस्मिन् इति रामः अर्थात् जसले योगीहरूलाई पनि रमाउँछ त्यही राम हो भन्ने अभिप्रायः बाट निराकार सत्यम् शिवम् सुन्दरम् परमात्माका सहस्र नाम मध्ये एक राम पनि हो । उहाँ सँग आफ्नो आत्मिक सम्बन्ध स्थापित गर्नु, आफ्ना आन्तरिक विकार माथि दिग्विजय प्राप्त गर्नु हो ।

जसरी योद्धाहरूले ठूला-ठूला युद्ध जितेर ठूलो मान, सम्मान, पदक, तक्मा आदि प्राप्त गर्छन् । विजयको ठूलो गौरव महसुस गर्छन् । तर ती योद्धाहरूले व्यक्तिहरूलाई मारेर युद्ध-विजयी बने पनि आफू भित्रको रावणरूपी दुस्मनलाई मारेर सच्चा कर्मेन्द्रियजित, मायाजित, प्रकृतिजित बन्न सकेका हुँदैनन् । वास्तवमा विश्वको सबैभन्दा ठूलो विजयको दिन त्यही हुनेछ जुन दिन संसारले आफू भित्रको रावण रूपी राक्षस वा विकारलाई समाप्त गरेर विजयी बन्नेछन् । नरसंहार गरेर विश्व विजयी बन्ने सिकन्दरले अन्तिम समयमा पश्चात्तापको आगोमा जलेर खाली हात गएको उल्लेख छ । तर विकार माथिको विजय त्यो विजय हो जुन २१ जन्म सम्म स्वर्णिम सुखमय संसारको श्रेष्ठ प्रारब्ध प्राप्त हुनेछ । पश्चात्तापको होइन प्राप्तिको हात भरपूर हुन्छ ।

अतः आफू भित्रका रावणीय प्रवृत्ति, रावणीय व्यवहार, रावणीय संस्कार सबैलाई योगाग्निमा भस्म गरौं । रावणको जेलबाट मुक्त बनौं र बनाऔं । तब त्यो नै सच्चा-सच्चा विजयको शुभ घडी हुनेछ । विजया दशमी अर्थात् दशवटा विकार माथि विजय प्राप्त गरेको शुभ मुहूर्त, शुभ घडी र शुभ साइत हो । यही नै अति महत्वपूर्ण, प्रभावशाली र उल्लेखनीय क्षण हुनेछ । तब नै सच्चा-सच्चा बडा दशैं, विजया दशमी मनाउनको सार्थक हुनेछ ।

अन्त्यमा हामी सबैको महत्वपूर्ण पर्व विजया दशमीको पुनीत उपलक्ष्यमा हाम्रा सम्पूर्ण पाठकवृन्द तथा समस्त आत्माहरूको उत्तरोत्तर प्रगति, समृद्धि र सुस्वास्थ्य दीर्घायुको लागि हार्दिक मङ्गलमय शुभ कामना व्यक्त गर्दछौं ।

# परोपकार सुखद जीवनको आधार

ब्रह्माकुमार रामसिंह ऐर

निष्काम भाव, निःस्वार्थ भाव, उदार चित्त र विशाल हृदय राखी अरूको हित, कल्याण र सुख-समृद्धिका लागि सेवा दिनु, सघाउनु र सहयोग गर्नु परोपकार हो । परोपकारी कार्यको आशय (intention) कदाचित् अरूबाट सहयोग, सम्मान, प्रशंसा वा गुण गाथाको भजन कीर्तन प्राप्तिको अशा गर्ने होइन । केवल आफ्नो तन, मन, धन वा संकल्प, वचन र कर्मले दाता बनेर सेवा गर्ने सदिच्छा मात्र हो । वास्तवमा परोपकारको कार्य गर्न श्रेष्ठ चेतना तथा दृढ इच्छाशक्तिको आवश्यकाता पर्दछ । परोपकार गर्न कम्मर कसेको व्यक्तिले लाभ वा हानि के हुने हो त्यसको जोड घटाउको हिसाब-किताब गर्दैन । उसले केवल देवता बनेर अरूलाई दिन जानेको हुन्छ । हाम्रा पवित्र अठार पुराणहरूको लामो व्याख्यानका दुईटा वाक्य मात्र सार रूपमा हाम्रा लागि अमृत वाणीको काम गर्दछन् "परोपकार गर्नु पुण्य हो भने अरूलाई पीडा दिनु पाप हो ।" परोपकारी व्यक्तिले आफू मेटेर भएपनि, आफूले लाखौं आरोह अवरोह व्यहोर्नु परेपनि उसको मन मस्तिष्कमा केवल अरूको सुखद जीवनको स्वप्नचित्र नै (vision) निरन्तर घुमिरहन्छ । उसले आफ्नो क्षमता, कला, सीप, र शक्ति त्यस श्रेष्ठ कर्मका लागि समर्पण गरेको हुन्छ । परोपकार गर्ने व्यक्ति निहित स्वार्थ र लोभ-लालचको सीमा रेखा भन्दा धेरै माथि उठेको हुन्छ । सांसारिक सुख भोगमा उसको किमार्थ चासो र रुचि हुँदैन । जीवनको वास्तविक खुशी र आनन्द परोपकारको सेवामा नै प्राप्त गर्दछ ।

जसरी स्वच्छ झरना र कलकल बग्ने नदीको पानी आफ्नै लागि नभएर जीव प्राणिको तिर्खा मिटाउन तथा बनस्पति, वृक्ष एवं खेतीपाती र फसललाई हरा भरा बनाउनका लागि हुन्छ । मीठो फलले लटरम्म फलेको वृक्षले सधैं अरूको सन्तुष्टि र तृप्तिको लागि सेवा दिइरहेको हुन्छ । सूर्यको प्रकाश चराचर जगत्, सौर्य मण्डलका अन्य ग्रह-उपग्रहका लागि ऊर्जा प्रदान गर्ने स्रोत बनेको हुन्छ । त्यस्तै प्रकृतिका अन्य तत्वहरूले पनि निष्काम सेवा दिइरहेका हुन्छन् । त्यसै गरी परोपकारी भावनाले ओतप्रोत भएको व्यक्ति पनि आफ्नो जीवनको महत्व र सार अरूको निःस्वार्थ सेवामा नै अनुभव गर्दछ । उसले आफ्नो जिन्दगीलाई प्रभुको नासो मानेर पर हितका लागि नै मेरो जीवन हो भन्ने अठोट गरेको हुन्छ । परोपकारी व्यक्ति कहिल्यै पनि झिना मसिना सांसारिक कुरामा अल्झिएर बस्दैन । उसको महान् अभियान उच्च उद्देश्यका लगी सधैं गतिशील रहन्छ । उसको अथक यात्रा जीवनको अन्तिम क्षणसम्म पनि अरूको हित र भलोको लागि नै हुन्छ तथा त्यही महान् सोच र शुभ चिन्तन शुभ कार्यमा उसको प्राणान्त हुने गर्दछ ।

हुन त यस संसाररूपी बृहत् कर्मक्षेत्र, धर्मक्षेत्रमा प्रत्येक प्राणीको आफ्नै विशिष्ट अस्तित्व छ । प्रत्येक प्राणी, वनस्पति र प्रकृतिले एक अर्काको अस्तित्वलाई बनाइराख्न आ-आफ्नो तर्फबाट महत्वपूर्ण योगदान पुऱ्याइरहेको हुन्छ । प्रत्येक कुरा एक अर्कासँग अन्तर्निहित हुनुका साथै घनिष्ठ सम्बन्ध राख्दछन् । संसार भन्नु नै सम्बन्ध, समन्वय र सहयोगको प्राकृतिक रचना हो । साथै प्रत्येकले आफ्नो अस्तित्वलाई दिगो राख्ने पक्षमा पनि स्वस्फूर्त सावधानी र होशियारी अप्नाएका हुन्छन् । यी सबैमा संसारकै सर्वश्रेष्ठ रचनाका रूपमा मानव प्राणीलाई ईश्वरीय वरदान प्राप्त छ । किनकि यस संसारमा उसको भूमिका, कर्म, व्यवहार र कीर्ति पनि त्यही अनुपातमा श्रेष्ठ र विशिष्ट छ । ज्ञान, बुद्धि र विवेकको धनी मानवले यिनीहरूको सकारात्मक र यथोचित प्रयोगबाट यस धरालाई स्वर्गभूमि, सुख, शान्ति र समृद्धिको सुन्दर वाटिका बनाउन सक्दछ । त्यसको सट्टा यदि विकाराधीन र देहअहंकारबाट परिचालित भयो भने अशान्ति, हिंसा, हत्या, पापाचार, हाहाकार, रोग, शोक, भय, त्रासको दुःखद स्थल अर्थात् नर्क भूमि पनि बनाउन सक्दछ । मौजुदा विश्व परिदृश्यलाई हेर्दा आज संसार दुःखदायी काडाको जंगलका रूपमा परिवर्तन भएको छ । अतः यसको पूर्ण रूपान्तरणका लागि मानिसको सोच र दृष्टिकोण तथा कर्ममा आमूल परिवर्तनको आवश्यकता महसुस गरिएको छ ।

सच्चा दिलले परोपकारको कार्यमा अटुट रूपमा क्रियाशील रहन मानिस भित्र शाश्वत ज्ञान र गुणहरूको विकास हुनु जरुरी छ । मानिसमा उत्पन्न देहअहंकारको अज्ञानले उसलाई संकुचित घेरा भित्र सीमित गरिदिएको छ । जबसम्म व्यक्ति देहभान र देहअहंकारको वशमा हुन्छ ऊ बृहत् र व्यापक चेतनाबाट परिचालित हुन सक्दैन । जब व्यक्ति देही अर्थात् आत्मभाव, आत्मस्थितिलाई प्राप्त गर्दछ यस ज्ञान प्रकाशले उसलाई उच्चतम चेतना प्राप्त हुन गई सबै आत्मा भाइ-भाइ र बसुधैव कुटुम्बकम्को सम्बन्धमा गाँसिन पुग्दछ । यसबाट संसारका मानव जाति, समग्र प्राणी र प्रकृतिलाई हेर्ने दृष्टिकोणमा पूर्ण परिवर्तन आउँछ । आत्मअभिमानी व्यक्ति भित्र सच्चा प्रेम, पवित्रता, शान्ति, खुशी, दया, क्षमा र करुणा जस्ता महान् मूल्यहरू एक पछि अर्को विकसित हुँदै जान्छन् । उसको व्यक्तित्व शान्त, शालीन, गुणवान् र चरित्रवान् बन्दै जान्छ । उसको विचारमा शुद्धी, बोलिमा मिठास, कर्ममा कुशलता र व्यवहारमा सच्चाई आउन पुग्दछ । अर्थात् आध्यात्मिक जीवन शैली, सात्विक र सतोगुणी जीवनशैली स्वाभाविक रूपमा बन्न पुग्दछ । यस्तो गुण र ज्ञानले भरपूर व्यक्ति निश्चित रूपमा परोपकारी बन्न सक्दछ । उसको प्रत्येक संकल्प, बोल, कर्म र कदम अरूको हित र उपकारका लागि हुन्छ । उसको स्वप्न र संकल्प पनि परोपकारको कार्यमा नै तन्मय र व्यस्त हुन्छ ।

परोपकारको कार्य पनि व्यस्टि (Micro) र समष्टि (Macro) स्तरमा गर्ने गरिन्छ । एक जना व्यक्तिलाई संकटमुक्त गर्न चालिने कदम पनि उपकार हो भने सम्पूर्ण समाज, राष्ट्र, विश्वजगत, प्रकृतिको समेत हित र कल्याण हुने कार्य गर्नु महान् उपकारको कार्य हो । जसबाट नयाँ परिवर्तनको शुभारम्भ भई समग्र विश्वको रूपरेखा नै फेर्न सकिन्छ । आर्थिक र संकटमा परेकालाई आर्थिक स्रोत जुटाएर सघाउनु, रोग

व्याधीबाट पीडितलाई उपचार र औषधि मूलोको व्यवस्था गर्नु, अभाव ग्रस्त ठाँउमा आवश्यक सामग्री र शिक्षाको व्यवस्था गरी पढ्ने सिक्ने अवसर जुटाइदिनु तथा शोषण र अन्यायमा परेकाहरूलाई त्यसबाट उन्मुक्ति दिलाइदिनु आदि आ-आफ्ना तह र किसिमका परोपकारी कार्य हुन्। वर्तमान युगमा विविध पक्षबाट पीडित, दु:खी र अन्यायमा परेका व्यक्तिहरूलाई त्यही अनुसारको सेवा प्रदान गरी सहयोग हुनु प्रशंसनीय र उत्तम कार्य हो । यस्ता हितकारी कार्यमा समर्पित भएर निरन्तर लागि पर्ने दधीचि ऋषि समान काम गर्ने, आफ्नो हड्डी हड्डी परोपकारको सेवामा लगाउने व्यक्ति नै वास्तवमा बुद्धिमान्, बलवान्, र सबैका लागि मार्गनिर्देशक र उत्प्रेरकको स्रोत बन्दछन्। यिनीहरू व्यक्तिगतदेखि समग्र विश्वको कल्याण गर्ने कार्यमा अठोट र निश्चयका साथ दत्तचित्त रहन्छन्। उनीहरूको मनमा एउटै ध्वनी गुञ्जिरहन्छ परोपकार, परोपकार । जीवनको सच्चा सुख, खुशी र आनन्दको अनुभूति यही महान् कार्यमा खटिरहनमा नै मिल्दछ । मानौं उनीहरूको जीवन नै परोपकार र अरूको भलाइका लागि हो ।

आज समाज अनेक प्रकारले पीडित छ। कोही शिक्षा नपाएर शिक्षाको अपेक्षा गरिरहेका छन्, कसैले स्वास्थ्यको समस्या झेलिरहेका छन् र त्यसको उचित उपचार र निदान चाहन्छन् । कोही सामाजिक न्याय र सम्मानबाट वञ्चित अवस्थामा छन् र समाजमा सम्मानजनक स्थान होस् भन्ने मनस्थितिमा देखिन्छन् भने कतिले आर्थिक समस्या भोगिरहेको अवस्था छ। हातमुख जोड्न समेत समस्या छ । त्यसको निराकरण र आर्थिक समृद्धिका लागि चिन्तित छन् । राजनैतिक हकहित, महिला सशक्तीकरण, घरेलु हिंसा र उत्पीडनबाट मुक्ति, आदि इत्यादि, तमाम समस्या र अप्ठ्याराहरूको सुधार र सामाधानका लागि प्रयास र प्रयत्न गरिरहेका देखिन्छन्। तर यी सबै प्रयासहरू भौतिक आकलन र बिश्लेषणका आधारमा मात्रै गर्ने गरिएको पाइन्छ । अर्थात् भौतिक समुत्थान र प्रगतिमा नै केन्द्रित भएर सामाधानका उपाय निकाल्ने यत्न गरिन्छ । तर महत्वपूर्ण र अति आवश्यक आधार आध्यात्मिक र भावनात्मक (Spritual & Emotional) पक्ष पनि हो, जसप्रति खासै ध्यान पुऱ्याएको जस्तो देखिदैन । त्यसैको अभावको नै प्रतिफल हो सामाधानका विविध तौरतरिका र विधिविधानको प्रयोग र कार्यान्वयनका वावजुद पनि आज समाज, राष्ट्र, र विश्वव्यापी रूपमा समस्या र दु:खद परिस्थितिहरू झन् झन् बल्झिदै जटिलत्तम स्थितिलाई प्राप्त गरिरहेका छन् ।

तसर्थ परोपकार गर्ने कार्यमा आध्यात्मिक मूल्य र मान्यतालाई समेत आत्मसात् गरेको खण्डमा परउपकारार्थको कार्यले बढी फलदायी र सुखद परिणाम प्राप्त गर्नेछ । आध्यात्मिक ज्ञानको समझ र मूल्यहरूलाई समेत ध्यानमा राखी सेवा गर्ने मानिस आफूले गरेको सेवाको अरूबाट रिटर्न चाहँदैन र न त उसलाई आफूले गरेको राम्रो कार्यको सूक्ष्म अहंकार नै हुन्छ । जसलाई सहयोग गरेको हो उसमाथि आफूले गरेको सहयोगको एहसास थुपार्ने काम पनि हुँदैन। किनकि आध्यात्मिक ज्ञानको मूल मन्त्र हो कि हे मानव राम्रो परोपकार र पुण्यको काम गर र त्यसलाई बिर्सिदेउ तथा अगाडि बढदै गर । अझ धेरै राम्रो काम गर। काँचै फल खाने चेष्टा



यदि म आफ्ना सबै कार्यमा इमान्दार छु भने मलाई डरको अनुभव हुँदैन ।

नगर । कर्मको अकाट्य सिद्धान्तलाई सम्झ, जसले जस्तो गर्दछ त्यसको प्रतिफल उसले एक दिन पाउँछ नै । त्यसलाई कसैले क्यान्सिल गर्न सक्ने वा आफ्नो तर्फ लैजान सक्ने कुरा हुँदैन । राम्रो कामको reward र नराम्रो कामको penalty प्रत्येकलाई ढिलो वा चाडो मिल्छ नै । परोपकारी र पुण्य कार्यको तत्काल प्राप्ति भनेको आन्तरिक खुशी, सन्तुष्टि र जीवनमा हलुका पनको अनुभव गर्नु हो । साथै पुण्यको कार्यले जीवनमा अमन चयनको अनुभूति हुनुका साथै जीवनको मूल्य र मान्यतालाई स्थायी बनाइराख्दछ । पुण्य कार्यको बलले सबै प्रकारका निराशा, खिन्नता, उदासीनता र तनावबाट जीवनलाई मुक्त गर्दछ । साथै वर्तमानमा गरेको पुण्य र परोपकारको कार्य भविष्यमा अनेक सुख, सुविधा, धन, दौलत, स्वास्थ्य आदिका रूपमा जन्मजात पैतृक सम्पत्तिका रूपमा प्राप्त हुन्छ । यसमा शंका र उपशंकाको सवालै छैन, ढुक्क भए हुन्छ । आध्यात्मिक ज्ञानले मानिसलाई यही निश्चय र निश्चिन्तता प्रदान गर्दछ ।

वर्तमान युगमा मानिसले अथाह परिश्रम र मेहनतले जीवनमा प्रविधि, कला र सीपको विकास गरी भौतिक रूपमा प्रशस्त उपलब्धि गरेका छन् । अकुत धन, सम्पत्ति, महल, माणिक र मील फेक्ट्री आदि आर्जन गरेका छन् । अत्याधुनिक सुख, सुविधाका साधनहरू उपयोग गरिरहेका छन् । जीवन निक्कै सुखद र ऐयासी बनेको छ । सन्तान छोराछोरीहरू तथा परिवारका अन्य सदस्य पनि योग्य र सक्षम छन् । सबै प्रकारले ठीकठाक देखिन्छ, तर मानिसमा देखा परेको व्यक्तिवादी (Self Centered nature) प्रवृत्ति भने धेरै हाँवी भएको छ, उसमा स्वार्थको सीमा नै छैन । उसको रात दिनको पसिना र परिश्रमको आर्जन केवल आफ्नो तथा आफ्ना परिवार र सन्तानका लागि मात्र सीमित हुने गर्दछ । मोह, ममता, म र मेरोको सीमित सोचमा उसको जिन्दगी बितिरहेको हुन्छ । यो पनि ग्यारेन्टी छैन कि जुन शाखा सन्तान र परिवारका लागि ऊ मरिहत्ते गरेर धेरै कुरा आर्जन, संग्रह र संचित गरिरहेको हुन्छ भविष्यमा तिनीहरूको उसप्रति कुन किसिमको रवैया र व्यवहार हुने हो । उसप्रति सम्मान जनक व्यवहार हुने हो वा मनमुटाव भएर हृदयमा मर्माहत हुने चोट पुऱ्याउने हो । वर्तमान परिवेशमा परिवार भित्र यस्ता घटनाहरू घटिरहेका पाइन्छन् ।

यस सन्दर्भमा भारतको मुम्बई शहरको एउटा घतलाग्दो घटना उद्धृत गर्न उपयुक्त लाग्दछ । केही वर्ष पहिलेको कुरा हो एक दिन एकाबिहानै एक जना हृष्ट-पुष्ट व्यक्ति हतारिदै, तनावपूर्ण मनस्थितिका साथ समुद्र छेउतिर अगाडि बढिरहेका थिए । समुद्र छेउ नजिकै एक जना ज्ञानी साधु बसिरहेका थिए । साधुको नजिकै जब त्यो व्यक्ति पुग्यो साधुलाई उसको मनस्थिति पहिचान गर्न केही वेर लागेन । साधूलाई पक्कै भएछ कि यो व्यक्ति आत्महत्या गर्न आएको हुनुपर्दछ । अतः उनले आफ्नो अंकुसे टाउको भएको लट्ठी त्यस व्यक्तिको पाखुरामा अठ्याई आफूतिर तानेर त्यस व्यक्तिसँग किन यस्तो अमूल्य जीवनलाई सिध्याउन लागेको ? एक्कासी सन्तले उनको दुःखद निर्णयको विषयमा सोद्धा त्यस व्यक्तिको हृदयबाट सत्यको आवाज निस्केछ । वास्तवमा त्यो व्यक्ति मुम्बई शहरको धनाढ्य सेठ रहेछ । उसले साधुलाई आफ्नो जीवन गाथा फलाक्न शुरु गऱ्यो "महाराज, मैले

निक्कै परिश्रम र मेहनतले करोडौं रुपिया आर्जन गरे आज ४ ओटा ठूला फ्याक्ट्रीहरू छन् । महल, बंगला, मोटर, कारको कमी छैन । नोकर-चाकर सबै छन् । म अब अलि बूढो भएँ मेरा छोरा बुहारीहरूले नत मलाई टेर्दछन् न त सम्मान, आदर नै गर्दछन् बरु हेला गर्दछन् । उनीहरूको यस्तो व्यवहारबाट दिलमा ठूलो चोट लाग्यो र यही निर्णय लिएँ बरु मर्नु नै बेस ।" साधुले बडो प्यारसँग सम्झाएछन् - सेठजी हालसम्म तपाईंले जे जति गर्नुभयो आफ्नै स्वार्थपूर्तिका लागि र मोहममताको वशमा गर्नु भयो । कुनै राम्रो पुण्य र परोपकारको कार्य गर्नु भएन छ । तसर्थ आज घर फर्कनु होस् र कुनै राम्रो पुण्यको काम गर्नुहोस् । मर्नु परे पनि फेरि मर्नुहोला, जानुहोस् घर । साधू महाराजका यी वचनले सेठजीको दिल छोएछ । उनी घर फर्के र केही राम्रो गरौं भनेर सोचिरहेका थिए । ठीक त्यही समय उहाँको factory मा काम गर्ने गरीब श्रमिक महिला दुखेसो पोख्दै सेठजीको छेउ पुगिछन् । ती महिलाको छोराले राम्रो मार्क्सले I.Sc पास गरको रहेछ । मेडिकल Science पढ्ने अफर पनि मिलेको रहेछ तर रु. ५०,०००/- को अति आवश्यकता परेको हुँदा उनले सेठजीसँग त्यो रकम मागिन् । अत्यन्तै कंजुस प्रवृतिका सेठजीले निसंकोच रु ५०,०००/- ती महिलालाई दिई पठाए । महिलाको दिलबाट दुआ आशीर्वाद निक्लेछ । महिला आफ्नो गन्तव्य तिर गइन् । तर यस कार्यले सेठजीको भित्री मनमा एकदम सन्तोष, खुशी र हलुकापनको अनुभव भएछ । उनले महसुस गरेछन् अहो यस्तो अनमोल जिन्दगीलाई म सिध्याउन थालेको थिएँ । धन्यवाद छ ती महात्मालाई । त्यस पछि अगाडिको जिन्दगीमा उनले यस्ता पुण्य र परोपकारका कार्यहरू गर्न थाले तथा जीवनमा कहिल्यै पनि आत्महत्या गर्ने संकल्पसम्म पनि गरेनन् ।

उल्लेखित घटनाको सार र नैतिक मूल्य स्पष्ट नै छ । साधारणतया आफ्नो र आफ्नै परिवारजनको पालन-पोषण गर्ने, उनीहरूको लागि धनदौलत कमाउने, शिक्षा, स्वास्थ्य तथा अन्य व्यवस्थापन गर्ने यस्तो आम जिन्दगी सबैले यापन गरिरहेका छन् । सायद आधुनिक जीवन शैलीमा देखापरेका तनाव, चिन्ता, भय, निराशा, खिन्नता र असन्तोष आदि यिनै देहभान, लोभ-लालच, मोह-ममता र अहंकारका नै उपज हुन् । मै लाऊँ मै खाऊँ मेराले मात्रै सुख शयल गरुन् । यस्तो सोच र प्रवृत्तिले अनेक व्यक्तिहरू धेरै थोरै उल्लेखित घटना जस्तै जिन्दगी निर्वाह गरिरहेका छन् । अतः जीवनलाई अमन चयन र खुशीको साथ यापन गर्न केही परोपकारी, महान्, पुण्यका काम गरौं तथा जीवनबाट चिन्ता र निराशालाई अन्त गरौं ।

अति नै रहस्यमय कुरा के हो भने जब-जब समग्र संसार अज्ञानताका कारण दुःख, कष्ट र असाध्य पीडामा हुन्छ । मानवकृत यावत् भागीरथ पुरुषार्थले मात्रै संसारको वास्तविक सुधार र सहज स्थिति बन्दैन, त्यस संकटपूर्ण वेलामा, कल्पान्तको संगमयुगमा स्वयम् सर्वज्ञ पिता परमात्मा शिव कल्याणकारीको सर्वोपरि परोपकारको कार्य यस धरतीमा चल्दछ । प्रजापिता ब्रह्माको मध्यमबाट ज्योतिर्मय स्वरूप ज्ञानेश्वर परमात्माले सम्पूर्ण समस्या र संतापलाई नाश गर्न मानवलाई उच्च चेतना प्रदान गरी आफू जस्तै निस्काम निःस्वार्थ सेवा गर्ने भावना र

**बाँकी अंश २५ पेजमा...**



कुनै पनि कमजोरीको एक काँडाले सारा गुणलाई विगारिदिन्छ ।

# दैवी गुणबाट जीवन सफल पारौं

प्रा. गोपीकृष्ण शर्मा, ज्ञानेश्वर

मनुष्यको जीवनलाई सफल तुल्याउने साधनहरू दैवी गुण हुन् । मानव मात्रले दैवी गुण अँगालेर जीवनलाई सफल बनाउनुपर्छ । शास्त्रहरूमा मानवधर्मसँग जोडेर पनि दैवी गुणको वर्णन गरिएको छ । धर्म भनेको मानिसको पवित्र जीवनशैली पनि हो । त्यो जीवनशैली पवित्र, निश्छल, योगयुक्त र सेवामुखी हुनुपर्छ । मनको सोचाइ, चित्तको चिन्तन, बुद्धिको विवेकशीलता र अहङ्कारको निर्लेपताद्वारा योगयुक्त भएर ईश्वरीय ज्ञानमा संलग्न हुनु नै जीवनको सार्थकता हो । यसरी ईश्वरीय ज्ञानमार्गमा मानिस जातिजति अग्रसर हुँदै जान्छ, उतिउति मानिस दिव्य गुणले अलङ्कृत हुन पुग्छ । वास्तवमा दैवी गुणहरू मानवका अलङ्कार हुन् र यिनले मानवलाई सुसज्जित र विभूषित तुल्याउँछन् । गीता ज्ञानमा दैवी गुणबारे बताइएको छ –

**शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च**
**ज्ञानविज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम्**
( **गीता १०/४२**)

भगवान् भन्नुहुन्छ– हे वत्स, ब्राह्मणका कर्महरू स्वभावैले यी हुन् –१) शम (शान्ति) २) दम (इन्द्रिय निग्रह) ३) तपः (तपस्या), ४) शौच (पवित्रता), ५) क्षान्ति (क्षमाशीलता), ६) आर्जव (साधापन), ७) ज्ञान, ८) विज्ञान (प्रयोगात्मक ज्ञान) र ९) आस्तिक्य (ईश्वरप्रति आस्था) यी नौ ब्रह्मकर्म हुन् र सच्चा ब्राह्मण परिवारका स्वस्फूर्त स्वभाव वा प्रकृति पनि हुन् ।

भगवान् धर्मग्लानिको समयमा जब अवतरित हुनुहुन्छ त्यस बेलासम्म मानिसको दृष्टि, वृत्ति र प्रकृति आसुरी भइसकेको हुन्छ । मानवमा दैवी गुणको अत्यन्त ह्रास भएको हुन्छ र उसमा दैवी सम्पत्ति १६ कलाबाट घट्तै घट्तै गएर केवल २-४ कला मात्र शेष रहेको हुन्छ । यस कारण भगवान्ले मनुष्यलाई कर्म, अकर्म तथा विकर्मको लुप्तप्रायः ज्ञान दिएर उसलाई विकर्मबाट बच्न अनि कमल पुष्प समान अलिप्त वा न्यारा रहनेको विधिविधान बताउनुहुन्छ । भगवान् मनुष्यलाई आध्यात्मिक ज्ञान दिएर सम्झाउनुहुन्छ कि ईश्वरीय सन्तान हुनाको कारणले मानवले ईश्वरीय लक्षणले युक्त हुनुपर्छ । अथवा साकार रूपमा देवी-देवताका वंशज हुनाले पनि मानव स्वयं समेत दैवी सम्पत्तिले सम्पन्न बन्नुपर्छ । यस प्रकार मनुष्यबाट देवता, नरबाट नारायण अथवा नारीबाट श्री लक्ष्मी बन्ने लक्ष्य दिएर भगवान्ले नर-नारीलाई दैवी लक्षण धारण गर्न तथा प्रवृत्तिमा रहेर पनि निवृत्तिको अवस्थामा स्थित हुनाको लागि मार्ग प्रदर्शन गर्नुहुन्छ । यसतर्फ आमन्त्रण गर्नुहुन्छ ।

कतिपय सिद्धान्तको प्रयोगबाट पनि के सिद्ध भएको छ भने मानिस जस्तो चिन्तन गर्छ अथवा जे उसबाट निश्चय हुन्छ सोही अनुसार नै ऊ बनेको हुन्छ । यस नीतिका अनुसार यदि मानिसले परम पवित्र, परमपिता परमात्माको चिन्तन गर्छ अथवा परमात्मासँग बुद्धिलाई योग-युक्त गराउँछ र स्वयंलाई पनि देवी-देवताको वंशज निश्चय गर्छ भने यस स्थितिमा त्यो मानिस पवित्र र दैवी स्वभावको बन्न पुग्छ। यस प्रकार परमपिता परमात्माबाट आत्मालाई योग-युक्त हुने विद्या सिकाउने काम हुन्छ र यसबाट आसुरी प्रवृत्ति छाडेर ईश्वरीय प्रवृत्तितर्फ र व्यक्तबाट अव्यक्ततर्फ अथवा अन्धकारबाट प्रकाशतर्फ यो यात्रा सहज हुन पुग्छ ।

जब मानिसले पवित्रता र दिव्य गुणको धारण गर्छ भने तब उसको विवेक सद्विवेकमा परिवर्तन हुन्छ र उसको बुद्धि पनि दिव्य र सत्यानुयायी हुन पुग्छ । यसबाट ज्ञानको धारणा अब्बल हुन्छ र योग समेत उच्च श्रेणीको हुन्छ । यसरी ज्ञान र योगले सही रास्ता पक्रेपछि पवित्रता र दिव्य गुणमा दृढता, परिपक्वता र महनीयता आइहाल्छ । यसबाट मानवमनमा सेवाभाव जागृत हुन्छ र ऊ सबैको आशीर्वादको पात्र पनि बन्छ । यसरी ज्ञान, योग, दिव्य गुणको धारणा र सेवा यी चार पक्षहरू एक-अर्कामा सहायक तथा पोषक बनेका हुन्छन् । यी चार पक्षहरू मध्ये पनि दैवी सम्पदा वा दैवी गुणको विशेष स्थान छ । किनभने दैवी सम्पदा नभएमा ज्ञान अधुरो हुन्छ, योग नीरस हुन्छ र सेवा असफल हुन्छ । त्यसो हुनाले पनि गीतामा स्पष्ट बताइएको छ - "हे वत्स, दैवी सम्पत्तिले मनुष्यलाई दुःख र अशान्तिबाट मुक्त गराउँछ भने आसुरी सम्पत्तिले मनुष्यलाई बन्धन (माया-मोह) मा पुऱ्याउँछ ।" जस्तै

**दैवी सम्पद् विमोक्षाय निबन्धायासुरी मता ।**
**मा शुच : सम्पदं दैवीमभिजाताऽसि पाण्डव ॥**

**(गीता १६/५)**

गीताज्ञानमा ज्ञानबाट मनुष्यको लक्षण बताउने क्रममा भनिएको छ कि ती ज्ञानवान् व्यक्तिहरू निर्मानमोहाः हुन्छन् अभिमान र मोह राख्दैनन् । यसै गरी जितसङ्गदोषाः हुन्छन्, कुनै कुरामा पनि आसक्ति राख्दैनन् र संगदोषलाई जितेका हुन्छन् । उनीहरू विनिवृत्तकामाः (कुनै कुरामा अभिलाषा नराख्ने) प्रवृत्तिका हुन्छन् । यस भनाइबाट के स्पष्ट हुन्छ भने ज्ञानवान् मानिसहरू मूलतः निरहंकारी, निर्विकारी र निराकारी अवस्थामा स्थित हुन्छन् । उनीहरू सङ्गदोषबाट बचेका हुन्छन् । भनिएको पनि छ "जस्तो सङ्ग उस्तै रङ्ग" खराब सङगतले मानिसलाई पतित बनाउँछ भने सज्जनको सङ्गतले उसलाई माथि पुऱ्याउँछ । साथै गीतामा के पनि बताइएको छ भने ज्ञानबाट व्यक्तिका मनमा न कुनै द्वन्द्व हुन्छ अथवा न कुनै अन्यौल हुन्छ । उसले स्पष्ट दिशा वा निर्देश समातिसकेको हुन्छ । त्यस्तो दैवी गुणवाला व्यक्ति नै अविनाशी परमधाममा पुग्ने अधिकारी बन्छ । गीताम यही कुरा बताइएको छ ।

**निर्मानमोहा जितसङ्गदोषा,**
**अध्यात्मनित्या विनिवृत्तकामाः ।**
**द्वन्द्वैर्विमुक्ताः सुखदुःखसङ्गै**
**र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥**

( **गीता १५/५**)

वास्तवमा यिनै दैवी गुण धारण गर्ने व्यक्ति नै प्रभुपसन्द, लोकपसन्द र मनपसन्द बन्न सक्छ । गीतामा दैवी गुणका बारेमा अन्य विशेषता पनि बताइएका छन् । कुनै विषयमा लगाव नभएको पवित्र र सक्षम अनि कसैको निन्दा र डाहा नगर्ने उदासीन व्यक्ति नै भगवान्को प्रिय हुन्छ भनेर गीतामा बताइएको छ ।

दैवी गुणको चर्चा गर्ने सन्दर्भमा गीताको सारतत्वलाई हामी चार भागमा वयान गर्न सक्छौ- (१) धारणा, (२) त्याग, (३). तपस्या (४) सेवा ।

ज्ञानवान्का लागि धारणा महत्वपूर्ण शर्त हो । गीतामा धारणालाई स्वाध्याय भनिएको छ मानिसलाई योग-युक्त बन्नका निम्ति सर्वप्रथम स्वाध्याय वा धारणा आवश्यक हुन्छ । पहिले मानिसकालागि नित्य प्रति स्वाध्याय वा ज्ञानको श्रवण र अध्ययन आवश्यक हुन्छ । ज्ञानामृत पान अवश्य पनि अविनाशी धनको प्राप्तिको साधन बनेको हुन्छ । ज्ञान नै ज्ञानसागर परमात्माको सबभन्दा पहिलो वरदान हो जसलाई प्राप्त गर्न मानिसको तेस्रो आँखा खुलेको हुन्छ । धारणाबाट नै बुद्धि निर्मल हुन्छ । दिनप्रतिदिन ईश्वरीय ज्ञानको श्रवण र मननबाट मानिसका कमी-कमजोरीहरू परास्त हुन्छन् । मानिस खारिएर शालिग्राम बन्न पुग्छ । पवित्रता, योगयुक्तता, सरलता र इन्द्रियनिग्रह जस्ता तत्वहरू धारणाकै अङ्ग हुन् ।

त्यागको भावना दैवी गुणकै अर्को विशिष्ट पक्ष हो । यहाँ त्याग भन्नाले लोभ-लालचको त्याग, ईर्ष्या-द्रोहको त्याग, क्रेध-वैमनस्यको त्याग जस्ता त्यागमा जोड दिइएको छ । यथार्थमा ६ विकार र तिनका जनक देहअभिमानको त्याग नै सर्वश्रेष्ठ त्याग हो । यस खालको त्यागबाट ज्ञान प्राप्तिमा विशेष मद्दत हुन्छ । किनभने केही पाउन केही बस्तु त्याग गर्नु नै पर्छ ।

तपस्याका विभिन्न अर्थ लाग्न सक्छन् । वास्तवमा मनका इच्छा र आवेगलाई शान्त गराएर संयमका साथ भगवान्मा अटुट श्रद्धा राख्नु नै तपस्या हो । शरीरलाई कष्ट दिएर मात्र तपस्या हुदैन । स्थिर आसनमा योग-युक्त भएर ईश्वरीय ज्ञानमा लीन हुने प्रवृत्तिलाई तपस्याका रूपमा लिइएको छ ।

सेवा दैवी गुणको महत्वपूर्ण पक्ष हो । यदि ज्ञान बीज हो, योग जल हो, दिव्य गुण त्यसको हेरविचार हो भने सेवा चाहिँ त्यसको फल हो । सेवाभाव नभएको मानिस स्वार्थी हुन्छ । सेवाभाव भएको योगी चाहिँ अथक, निद्राजित, निर्लोभी नष्टोमोह र निर्वैर हुन पुग्छ ।

सफलता ब्रह्मावत्सहरूको जन्मसिद्ध अधिकार हो । त्यस कारण पनि जीवनलाई सफल तुल्याउन दैवी गुणहरूको मन, वचन, र कर्मले धारण गरौं । यसैमा मानवजीवनको सफलता रहेको हुन्छ ।

आफ्ना विशेषताको प्रयोग गर्‍यौ भने हर कदममा प्रगतिको अनुभव हुनेछ ।

# सूक्ष्म मनसा सेवा

ब्र.कु. भगवान भाइ, शान्तिवन

सेवाको अर्थ हो आत्माहरूलाई देश, काल, परिस्थिति अनुसार उनको अनुकूल स्थूल वा सूक्ष्म कुनै पनि रूपबाट ज्ञान, गुण, शक्ति आदिको निःस्वार्थ भावना बाटसहयोग दिनु वा दान दिनु । स्थूल वा सूक्ष्म रूपबाट उर्जा प्राप्तिको अनुभव गराउनु नै सेवा कहलाउछ । निःस्वार्थ भावनाबाट दिइएको सहयोग पनि सेवा नै हुन्छ । सेवाका बहु-आयाम हुन्छन् । परोक्ष-अपरोक्ष, दृश्य र अदृश्य सेवाका अनेकौं प्रकार हुन सक्छन् । स्थूल रूपको सेवाको एक ठूलो सूची बन्न सक्छ । यसै प्रकारले सूक्ष्म रूपको सेवाको पनि एक लामो सूची बन्न सक्छ । जसरी स्थूल स्वरूपका सेवाका अनेक रूप छन् त्यस्तै सूक्ष्म रूपको सेवा पनि एक ठूलो सूची बन्न सक्छ । जसरी स्थूल स्वरूपका सेवाका अनेक रूप छन् त्यस्तै सूक्ष्म रूपका सेवाका पनि अनेकौं प्रकार छन् ।



आफ्ना श्रेष्ठ संकल्प वा भावनाको प्रकम्पन्न अन्य आत्माहरूलाई दिएर उनीहरूलाई सुखको महसुस गराउनु र उनको विचार एवं भावनामा श्रेष्ठ परिवर्तन ल्याउनु यस्तो सेवा लाई मनसा सेवा भनिन्छ । जसरी स्थूल रूपको कुनै पनि सेवाको आ-आफ्नो क्षमता र योग्यता हुन्छ । कुनै पनि प्रकारको सेवा गर्नको लागि त्यस्तै प्रकारको क्षमता र योग्यता हुनु आवश्यक पर्छ । मानौ कसैले बोलीको सेवा गर्छ भने त्यस्तै दृढ धारणा (मान्यता) विषयको विद्वत्ता र त्यस्तै चिन्तनको साथ-साथै उसको अनुभव हुनु पनि आवश्यक छ । कुल मिलाएर उसको स्थिति वाचा सेवाको योग्य हुनु आवश्यक पर्छ । ठीक त्यस्तै संकल्प र भावनाद्वारा सेवाको लागि पनि त्यस्तै योग्यता हुनु आवश्यक पर्छ । मनसा सेवाको लागि श्रेष्ठ मानसिक स्थिति र अवधारणा सकारात्मक हुनु आवश्यक छ ।

**मनसा सेवाको लागि अनिवार्यता**

आफ्नो निश्चित ध्येयलाई पुनः पुनः स्मृतिमा ल्याउनु । जस्तै मैले श्रेष्ठ सूक्ष्म मनसा सेवा गर्नुपर्छ । अनेकौं आत्माहरूको कल्याण गर्नुपर्छ । यो म आत्माको नै कर्तव्य हो । मैले कर्तव्य विमुख हुनु हुँदैन । परमात्म-पालनामा पालिने आत्माहरूमा मनमा सेवाको योग्यता छ नै । मनसा सेवा हामीले गरेनौ भने अरू कसले गर्छ ? अनेक आत्माहरूको लागि मनसा सेवाको आवश्यकता पर्छ । अनेक आत्माहरू सुख, शक्ति, शान्ति आदिको सहयोगको लागि पुकार गरिरहेका छन् । मैले आफ्नो श्रेष्ठ स्थितिद्वारा (मनसा सेवा द्वारा) परमात्म कार्यमा सहयोगी बन्नु छ । यस्तो श्रेष्ठ स्मृतिबाट मनमा उमंग-



परिश्रम त्यो साँचो हो जसले भाग्यको ढोका खोल्दछ ।

उत्साह पैदा गर्नुपर्छ ।

मनसा सेवाको लागि सबैभन्दा पहिलो अनिवार्यता हो मन-बुद्धिको एकाग्रता । मन-बुद्धिलाई एकाग्र गर्ने अभ्यासी नै मनसा सेवा गर्न सक्छ । व्यर्थ र नेगेटिभ कुरालाई भुलेर राजयोगको गहन अभ्यास गरेर स्वयंको आत्मिक स्थितिलाई श्रेष्ठ बनाउनुपर्छ ।

आफ्नो उच्च स्वमान र वर्तमानको तथाकथित लेबल्स (शीर्षक) दुवैको महान् अन्तर छ । यो महान् अन्तर बुद्धिमा छ भने आफ्नो भौतिक लेबल्स (शीर्षक) लाई भुल्न सक्छौ । भौतिक चेतनालाई विस्मृत गर्न वा अलौकिक चेतनालाई जगाउनाले नै मन-बुद्धिको गहन एकाग्रता ल्याउन सकिन्छ ।

सबैका लागि शुभ-भावना शुभ-कामना राख्नु दोस्रो सर्त हो । कसैको प्रति पनि हाम्रो मनमा घृणा भावना, बदलाको भावना, तल गिराउने भावना वा अन्य कुनै पनि प्रकारको दुःख दिने भावना हुनु हुँदैन । सबै प्रति आत्मिक भाव र भावना नै राख्नुपर्छ । सर्व आत्माहरूलाई कुनै पनि प्रकारले यथा-शक्ति मैले सहयोग दिनु नै छ  भन्ने भावना राख्नु छ ।

हुन त मनसा सेवा गर्ने सेवाधारीको स्थिति सर्व शक्ति सम्पन्न हुनुपर्छ । तर केही मुख्य शक्तिहरूलाई सक्रियता पूर्वक कार्यमा लगाउनुपर्छ । मनसा सेवाको लागि आत्माहरूको अन्तरमनको भावलाई चिन्नुपर्छ ता कि यस आत्मालाई यस समय कुन गुण र शक्तिको आवश्यक छ । आत्माको आन्तरिक भावनालाई समाहित गर्न र तुरुन्त निर्णय लिनुपर्छ अब मैले के गर्नुपर्छ । सहयोगलाई प्रयोग गरेर मैले यस आत्मालाई मनसा सेवा गरेर यसको कल्याण गर्नुपर्छ ।

**मनसा सेवा गर्ने विधि**


**मनसा सेवाको विहंगम स्वरूप** :– मैले आफ्नो अव्यक्त स्थितिबाट अनेक आत्माहरूको सेवा गर्नुपर्छ भन्ने भावयुक्त संकल्प राख्नुपर्छ । अव्यक्त बापदादा म द्वारा आत्माहरूको सेवा गराइरहनुभएको छ । आफ्नो सेवाको संकल्पलाई अव्यक्त बापदादालाई समर्पित गर्नुपर्छ । आफ्नो अव्यक्त स्थितिमा स्थित हुनुपर्छ । हाम्रो अव्यक्त स्थितिबाट विश्वको कुनै पनि स्थानमा पुकार गरिरहेका आत्माहरूलाई उनीहरूको आवश्यकता अनुसार गुण र शक्तिको अनुभव गरिरहेका छन् । समीपका आत्माहरूलाई शक्ति र सकाशको अनुभव हुनेछ । जसको जुन चाहाना छ त्यो पूरा हुने पनि अनुभव हुनेछ । उनीहरूलाई म माथि कुनै दैवी शक्तिको छत्रछायाँको अनुकम्पा भइरहेको छ भन्ने अनुभव हुनेछ । हाम्रो अव्यक्त स्थिति द्वारा स्वतः अनुभव हुनेछ । कहिले कहिले कुनै पनि आत्मालाई टाढा बसेर पनि हाम्रो फरिस्ता स्वरूपको साक्षात्कार पनि हुन सक्छ । यो मनसा सेवाको विहंग स्वरूप हुन्छ ।

**मनसा सेवाको विशेष स्वरूप** : यदि कुनै आत्माहरूलाई उनको आफ्नो परिस्थिति अनुसार विशेष उद्देश्य पूर्वक शक्ति र सकाश दिनु छ भने यस प्रकार गर्न सकिन्छ । सर्वशक्तिमान् परमात्मा र अव्यक्त ब्रह्मा बाबा सँग स्वयम् लाई कम्बाइन्ड अनुभव गर्नुपर्छ । योगयुक्त भएर जुन आत्माहरूलाई मनसा सेवा गर्नु छ उनीहरूलाई आफ्नो बुद्धिको सामुन्ने प्रकट गरेर अन्तरमनको भावनालाई चिनेर त्यस गुण र शक्तिको किरण दिने संकल्प गर्नुपर्छ । योगयुक्त





ओम शान्तिको अर्थ स्वरूपमा टिक्यौ भने तनाव दूर हुनेछ ।


गृहस्थीले साहूलाई गाली नगरुन्जेल सम्म देवदूत त्यही थियो ।
साहूको गाली अति नाघी सकेपछि गृहस्थी पनि साहूलाई गाली गर्न थाल्यो ।
गृहस्थीमा भुत आएको देखेर देवदूत त्यहाँबाट हिड्यो । गृहस्थीको साथ छोडिदियो ।
साहूले गृहस्थीलाई गाली मात्र होइन ढुङ्गा-मुडा पनि बर्सायो । गृहस्थी पनि जवाफमा गाली दिन थाल्यो ।
गृहस्थी कुद्दै आएर देवदूतलाई भन्यो ।
तपाईंले सहयोग गर्नु होला भनेको त तपाईं त भाग्नु भयो ।
जति सम्म क्रोधको भूत थिएन म साथ दिदै थिएँ जब तिमीमा क्रोध आयो तब त्यही क्रोधको भूतले तिम्रो सहायता गर्ला भनेर म हिडें ।
अत: देवदूतको सहायता प्राप्त गर्न क्रोध होइन शान्तिको गुण अपनाऔं ।

स्थितिबाट पठाएको संकल्प सकाश र शक्तिको काम गर्छ। मानौ कुनै आत्माको बुद्धिमा ज्ञान स्पष्ट भएको छैन। त्यसलाई आफ्नो बुद्धिको सामुन्ने प्रकट गरेर संकल्प दिऔं - यस आत्माले ज्ञानको गहन रहस्यलाई जान्दै गइरहेको छ। यदि कुनै आत्मामा सहनशक्तिको कमी छ। उसलाई यसरी संकल्प दिऔं कि यो आत्मा हर कुरालाई सहज रूपमा लिइरहेको छ। यो आत्मा जीवनलाई एक खेल अनुभव गर्छ। यस आत्माको सहन शक्ति बढिरहेको छ। अशान्त आत्मालाई शान्तिको संकल्प दिऔं – यी आत्माहरूको व्यर्थ संकल्प शान्त भइरहेको छ। यी आत्माहरू परम शान्तिको अनुभव गरिरहेका छन्।

जो भक्त आत्माहरू परमात्माको खोज गरिरहेका छन्। जो आत्माहरू परमात्मा-मिलनका प्यासा छन्। ती आत्माहरूलाई यस्तो संकल्प दिऔं। निराकार ज्योति स्वरूप परमात्मा मानवीय शरीरमा दिव्य अवतरित भएर राजयोगको शिक्षा दिइरहनुभएको छ। राजयोग द्वारा तपाईं परमात्म-मिलनको अनुभव गर्न सक्नुहुन्छ। संकल्प गरौं – यी आत्माहरू राजयोगको ज्ञानलाई आत्मसात् गरिरहेका छन्। यी आत्माहरू कर्मेन्द्रियको आसक्तिबाट मुक्त भइरहेका छन्। यी आत्माहरू आफ्नो अन्तरमनको आत्म स्वरूपमा मगन भइरहेका छन्। यी आत्माहरूले परमात्मा लाई चिनि सकेका छन्। यी आत्माहरू स्वयम्लाई धन्य-धन्य अनुभव गरिरहेका छन्।

यदि कुनै आत्मा श्रेष्ठ जीवनको मार्गबाट भटकी रहेका छन् भने उनको विवेकलाई संकल्प दिऔं। उनीहरूलाई ईश्वरीय शक्तिहरूमा भरोशा राख भनेर संकल्प दिऔं। धैर्य राख्नु राम्रो कुरा हो। यो परमात्मा द्वारा दिएको ज्ञानको बाटो नै सबैभन्दा श्रेष्ठ हो। यथार्थ जीवनको सम्पूर्ण रहस्य यसै ईश्वरीय ज्ञानमा लुकेको छ। यो आत्मा ज्ञानलाई शान्त चित्त भएर बुझिरहेको छ भन्ने संकल्प दिऔं। यस आत्मामा भावना र विवेक दुवै सक्रिय भइरहेको छ।

अज्ञानताको अध्याँरोमा रहने आत्मालाई यस्तो संकल्प दियौ। तपाईं दिव्य ज्योति-स्वरूप आत्मा हुनुहुन्छ, परमात्माको सन्तान हुनुहुन्छ। यो सृष्टि चक्रको अन्तिम समय चलिरहेको छ। संकल्प दिऔं–यी सबै आत्माहरू आफ्नो वास्तविक स्वरूपलाई चिनिरहेका छन्। यी सबै आत्माहरूको विवेक जागृत भइरहेको छ। यी सबै आत्मा हरूलाई अलौकिक प्रकाशको अलौकिक महसुस भइरहेको छ।

यदि कोही आत्मा व्यर्थमा वा बेकारको कार्यमा रुचि लिइरहेको छ भने त्यसलाई सामुन्ने प्रकट गरेर संकल्प गरौं। यस आत्माको रुची सकारात्मक र सृजनात्मक हुँदै गइरहेको छ। यस सृजनात्मक रुचिबाट यो आत्मा उत्थान गर्दै गइरहेको छ। यस आत्माद्वारा सधैं श्रेष्ठ कार्य भइरहेको छ। यो आत्मा निरन्तर उन्नतितिर अग्रसर भइरहेको छ।

यदि कुनै आत्मा व्यर्थ चिन्तन वा विवादमा स्वयं पनि अल्झिरहेको छ र अरूलाई पनि उल्झाइरहेको छ। जीवन उल्झनमा फसेको देखा परेको छ भने त्यस आत्मालाई सामुन्ने प्रकट गरेर संकल्प दिऔं – बुद्धिमान् आत्मा त सधैं सुल्झिरहेको हुन्छ। संसारका हर आत्माको समस्याको साथ नै समाधान



जो व्यक्ति सच्चा र इमान्दार हुन्छ त्यो सधैं हलुका र मुक्त रहन्छ ।

पनि जन्म लिन्छ । यदि कुनै समाधान पनि सुझिरहेको छ भने त्यस समाधानलाई संकल्प दिऔं । होइन भने त्यो आत्मा अन्तर्मुखताको गहन अवस्थाबाट समाधान प्राप्त गरिरहेको छ भन्ने संकल्प दिऔं । यो आत्मा समाधान स्वरूप बनिरहेको छ । यस आत्माको जीवन निखर्दै गइरहेको छ ।

यदि कोही आत्माद्वारा कुनै पनि कारणवश निराश भएर अकर्मण्य भएको छ । उसलाई कर्म गर्न कुनै रुचि रहेको छैन। जीवनमा निराशाका काला बादल छाएको देखिन्छ। त्यस बेला त्यसलाई संकल्प दिऔं तपाईं चैतन्य अविनाशी आत्मा हुनुहुन्छ । तपाईंलाई प्राप्त जीवन प्रभुको वरदान हो । यस परमात्माको वरदानलाई खुशी सँग स्वीकार गर्दै हुनुहुन्छ । यस संसारमा सुख र दुःख दुवैको सीमा बराबर हुन्छ। दुवै स्थिति आउदै रहन्छ। यो प्रकृति को नियम नै हो कि सृष्टिमा कुनै पनि चीज एक्लै बनाउन नै सकिदैन । सृष्टि रंगमंचमा जीवन सधैं दुई विरोधी तर आधारमा खडा हुन्छ। तपाईं साहसी आत्मा हुनुहुन्छ । साहसी पुरुष कहिल्यै दुःख र समस्याबाट घबराउदैनन् । परिस्थिति सँग सम्झौता गर्नुको अर्थ अकर्मण्य भएर बस्नु होइन । कर्म (सेवा) गर्दै रहनु जीवनको अनादि आदि सत्य हो । यस सत्यलाई स्वीकार गर्नै पर्ने हुन्छ । संकल्प गरौं यस आत्माको जीवन बडो खुशीले भरिएको छ । यस आत्मामा सेवाको भावना जागृत भइरहेको छ । यो आत्मा सेवा (कर्म) को आनन्द लिइरहेको छ ।

यदि कोही आत्मा अभावग्रस्त छ । जीवन निर्वाह गर्नमा असमर्थ छ । चिन्ताग्रस्त छ । धेरै दुःखको अनुभव गरिरहेको छ । त्यस आत्मा भित्र आत्म-विश्वास जगाउने संकल्प दिऔं । त्यसलाई संकल्पबाट भनौ तपाईं आत्मा हुनुहुन्छ । तपाईं भित्र धेरै शक्तिहरू लुकेको छ। आफ्नो शक्तिलाई चिन्नुहोस् र त्यसको उपयोग गर्नुहोस् । संकल्प गरौं यो आत्मा सामर्थ्य र योग्यता अनुसार लगनले कार्य गरिरहेको छ । यो आत्मा आफ्नो मानस चित्रपटमा सर्व प्रकारको सम्पन्नताको साक्षात् अनुभव गरेर धन्य भइरहेको छ । यो आत्मा स्वयंलाई सुखद र सम्पन्न अनुभव गरिरहेको छ ।

यस प्रकारले जस्तो परिस्थिति त्यसको अनुरूप छ त्यस्तै योगको प्रयोग गरेर मनसाद्वारा सकाश दिन सकिन्छ । अनेक आत्मालाई सद्प्रेरणा दिन सकिन्छ । जति हाम्रो आत्मिक अव्यक्त स्थिति राम्रो हुन्छ त्यति नै परिणाम राम्रो हुन्छ । तर सबै प्रकारको प्रयोगको परिणाम शीघ्र आउन पनि सक्छ। सधैं शीघ्र परिणाम न आउन पनि सक्छ । शीघ्र र अपेक्षित परिणाम आउनको लागि ट्रासिमिटिङ र रिसिभीङमा गहिरो तारतम्य हुनु आवश्यक छ। यदि ट्रन्समिटिङ ठीक छ तर रिसिभरको स्वीच बन्द छ वा रिसिभरको बुद्धि कतै व्यस्त छ भने यस्तो स्थितिमा कहिले कहिले शीघ्र नै अपेक्षित परिणाम नआउन पनि सक्छ । यसैले यो ध्यान रहोस् हामीले सेवाको प्रयोग गर्दै रहनुपर्छ । कर्म गर्दै जाऔं र फलको परिणामलाई धैर्यसँग प्रतीक्षा गर्दै जाऔं । अन्तमा चिश्चय नै श्रेष्ठ परिणाम सामने आउनेछ । यस्तो आशावादी बनेर प्रयोग जारी राख्नुपर्छ ।

# वसुधैव कुटुम्बकम्

ब्रह्माकुमार सुदीप

यो महामन्त्र सर्वकालिक, सार्वभौम र सर्वजनहिताय छ । जाति-पाति, लिङ्ग, वर्ण, रूप-रंग, समाज, देश, राष्ट्रभन्दा माथि उठी एउटा विशाल क्षितिजमा डोऱ्याउन र उडाउन सफल छ यो महामन्त्र । वास्तवमा भन्ने हो भने यो महामन्त्र नै सर्व धर्मको मूल हो, जरा हो, जग हो । धर्मको उत्पत्ति, प्रादुर्भाव नै समाजमा अमन-चयन, भाइचारा, स्नेह, प्रेम सद्भाव, शुभभाव, सह अस्तित्व कायम गर्नका लागि भएको हुनुपर्छ र सायद हो पनि । नत्र भने त त्यो कोरा सिद्धान्त मात्र बन्न पुग्थ्यो होला ! त्यसले न समाजलाई नयाँ गति दिन सक्थ्यो न समाजलाई उचाइको शिखरमा लान सक्थ्यो ।

तसर्थ पनि यो महामन्त्र सबैलाई समेट्न सक्ने समाज, राष्ट्र र विश्वलाई एक सूत्रमा जोड्ने एउटा सेतु बन्न पुगेको छ । वास्तवमा यो सबै इजम(ism) को मूल हो । चाहे त्यो secularism होस् वा Hinduism होस् वा Buddhism वा Islamism वा अन्य कुनै ism होस् यो विना ती सबैको कुनै  अस्तित्व छैन । यो छ त समाजमा एकता छ नत्र schism पैदा हुन जान्छ । संसार एउटा परिवार हो । हामी आपसमा एउटै परिवारका सदस्य हौं अर्थात् आपसमा भाइ-भाइ, भाइ-बहिनी हौं । यो विश्व भ्रातृत्व, विश्व बन्धुत्वको सूत्रमा नै समाजको नीव खडा हुन सक्छ । तब नै सह-अस्तित्व र शान्तिमा आधारित एक समाजको परिकल्पना साकार हुन सक्छ । यो एकता भित्रको विविधता नै विश्व रंगमंचको रोचकता र सत्यता हो । यो विविधता भित्र सहअस्तित्वको पहिचान नै यो मन्त्रको मूल हो । सबैको अलग, स्वतन्त्र, विशिष्ट पहिचान हुँदा हुँदै पनि सबैलाई एक धागोको सूत्रमा बाँध्ने यही नै महामन्त्र हो । हरेकको अलग-अलग मान्यता, विश्वास, आस्था, रीति-रिवाज, धर्म, संस्कृति रूप, रंग भएता पनि सबै परिवारको नै सदस्य हौं भन्ने बोध गराउन सफल छ यो महामन्त्र ।

यो मन्त्रको उत्पत्तिकालमा पनि त्यतिकै सान्दर्भिक थियो भने अहिलेको कालमा पनि त्यतिकै सान्दर्भिक छ । अहिलेको समाजमा देखा परेका विचलन, जातिवाद, भाषावाद, लिंगवाद, वर्णवाद, प्रान्तवाद, राष्ट्रवाद जुनसुकै वाद किन नहोस् त्यो सबै यो महामन्त्रको व्यवहारगत विस्मृति नै हो । जसरी मालाको हरेक दाना विशिष्ट, स्वतन्त्र र अलग छन् तर पनि धागोको एक सूत्रमा गाँसिएका छन् । धागोले सह-अस्तित्वको सिद्धान्तलाई व्यवहारगत तहमा बोध गराइरहेको छ । त्यस्तै यो महामन्त्रले पनि त्यो धागोको काम गरिरहेको छ । मानव समुदायसँग यस्तो शक्तिशाली मन्त्र हुँदा हुँदै

पनि किन विचलनको स्थिति समाजमा देखा पऱ्यो ? जसद्वारा उत्पन्न परिस्थिति तथा त्यसको प्रभावको फलस्वरूप समाजमा हत्या, हिंसा, झै-झगडा, युद्ध, जेनोसाइड, जातीय सफाया जस्ता जघन्य अपराधिक मनोवृत्ति र अवस्था सृजना हुन पुगेको कसैले नकार्न सक्दैन । समाज यति टुक्रामा विभक्त हुन पुगेको छ जसको कल्पना गर्दा पनि कहालीलाग्ने स्थिति भइसकेको छ ।

यो मूल मन्त्र भित्र लुकेको एउटा बहुतै गुह्य रहस्यलाई आजका बुद्धिजीवी, विद्वान, पण्डित, आचार्य, प्राचार्य, राजनीतिज्ञ, नेता, समाजसेवीले बिर्सिएको हुनाले नै समाजको स्तर यो हदसम्म गिरेको होला । यो विश्व परिवारको मन्त्र भित्र रहेको वास्तविक अर्थलाई फेरि समाजमा पुनर्स्थापित गर्नुपर्ने टडकारो आवश्यकता वर्तमानमा रहेको देखिन्छ । यही कुराको सन्देश दिने एउटा महामानव, अतिमानवको पर्खाइ समाजमा रहेको स्पष्ट अनुभव हुन्छ । सबै हेर्दै छन्, सबै आशा गर्दै छन् कसले यो महामन्त्रलाई पुनः यो धरामा स्थापित गराउन सफल हुनेछ ।

यही विश्वको आशातीत दृष्टिलाई पूर्ण गर्न स्वयम् यो ब्रह्माण्डका पिता, परमपिता परमात्मा निराकार निरञ्जन ज्योतिर्बिन्दु शिव यस धरामा अवतरित भई प्रजापिता ब्रह्माको मानवीय कायाको सहायता लिई यस मन्त्रलाई जीवन्त पार्दै हुनुहुन्छ। सर्व मानव यो शरीर रूपी खोल ओडेर खेल खेल्ने वास्तवमा एक अजर, अमर, अविनाशी चैतन्य ज्योतिकण आत्मा हुन्। यही आत्मिक नाताले नै यो विश्व एक परिवार हो । सबै एकै परमपिता परमात्माका अमर सन्तान आत्मा हुन् र आपसमा हाम्रो वास्तविक नाता नै भाइ-भाइ रहेको छ । यो कुराको महसुस गराउने अभियान नै ब्रह्माकुमारी अभियान हो जस्तो लाग्छ हामीलाई । यही महामन्त्रको व्यवहारगत प्रयोग विगत ७८ वर्षदेखि ब्रह्माकुमारीज मिशनको रूपमा विश्व रंगमञ्चमा भइरहेको छ। विगत ७८ वर्षको यो प्रयोग अत्यन्तै सफल भएको अनुभव सबैलाई हुँदै गइरहेको छ। स्वयम् परमपिता परमात्माले शुरु गरेको अभियान विश्वव्यापीकरण हुँदै एउटा नयाँ विश्व समाजको सृजना गर्दै छ । जसद्वारा भाइचारा, स्नेह, प्रेम, सह-अस्तित्व, शान्ति, सुख र समृद्ध समाजको पुनः स्थापना भइरहेको छ । यो पुरानो दुःखदायी सृष्टिलाई कहिलेसम्म धक्का दिएर चलाउन सकिन्छ र ! कहिलेसम्म यो पुरानो सृष्टिलाई कृत्रिम श्वास प्रश्वास दिएर चलाउन सकिन्छ र ! तसर्थ यो विश्व रंगमञ्चमा बहुतै सुन्दर घडी आइपुगेको छ । स्वयम् सृष्टिका नियन्ता यो महामन्त्रलाई साकार पार्न मानव समुदायलाई गाइड गर्दै हुनुहुन्छ र सर्वको सद्इच्छालाई साकार पार्न सबैले हातमा हात दिऔं, हातेमालो गरौं, सर्वजन हितायको यो महान् कार्यलाई सफल पारौं यही समयको आह्वान छ ।

# अध्यात्म र वृद्धावस्था

हेम शर्मा पोखरेल, काठमाण्डौ

कति उमेरलाई वृद्धावस्था मान्ने भन्ने विषय देश, काल, परिस्थिति अनुसार फरक रहेको पाइन्छ । नेपालमा ६० वर्ष माथिका मानिसलाई ज्येष्ठ नागरिक वा वृद्ध मानिएको छ । भनिन्छ आगामी दुई दशक भित्र संसारमा पैंसठ्ठी वर्षमाथिको जनसंख्या हालको सात आठ प्रतिशतबाट वृद्धि भई बाह्र प्रतिशत पुग्नेछ (Rachel Dew and Harold Koenig, Religion/spirituality and depression in old age, pp 242)। अहिले नेपालमा पनि यो संख्या करिव ७ प्रतिशतको हाराहारीमा रहेको अनुमान छ ।

जीवनका धेरै वसन्तहरू पार गरिसकेका सुख र दुःखका उकाली-ओरालीहरूका अनुभवी यी ज्येष्ठ नागरिकहरूको ज्ञान र सीपलाई कसरी राष्ट्र र जनताका लागि उपयोग गर्ने भन्ने विषय राजनैतिक निर्णयमा भर गर्दछ । नेपालमा यस विषयमा खासै नीतिगत व्यवस्था नभए पनि कैयौं सम्वैधानिक वा राष्ट्रिय महत्वका पदहरूमा विभिन्न सेवा र व्यवसायमा दीर्घ र परिपक्व अनुभव भएका ज्येष्ठ नागरिकहरूमध्येबाट चयन गर्ने झिनो परिपाटी अद्यापि कायम रहेको छ । तर जीवनको उत्तरार्धमा पुगेको यो महत्वपूर्ण जनशक्तिका समस्याहरूका विषयमा भने कमै ध्यान गएको पाइन्छ । नेपालमा ज्येष्ठ नागरिक सम्वन्धी ऐनको व्यवस्था भर्खरै मात्र गरिए पनि यसको राम्रो अभ्यास भइसकेको छैन ।

हुनत विकसित मुलुकहरूमा सेवा निवृत्त कर्मचारीहरू वा व्यवसायीहरूका लागि निवृत्त भई सकेपछि जीवन विताउने विभिन्न उपायहरू सिकाउनका लागि निवृत्त योजना (retirement plan) बनाउन र यसको कार्यान्वयन गर्न विविध सीप र उपायहरू सिकाइन्छ ।

नेपालमा पनि यदाकदा सरकारी स्तरको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले यस्तो प्रशिक्षण दिने गरेको सुन्नमा आएको भए पनि यसबाट कतिले लाभ प्राप्त गरे भन्ने तथ्यांक सार्वजनिक भएको छैन । निजामती किताबखानाको तथ्यांकको केही वर्ष पहिलाको अनौपचारिक अवलोकन अनुसार त्यस वखत ६० वर्षमा सरकारी सेवाबाट निवृत्त हुने कर्मचारीहरूमध्ये आधाभन्दा बढीको ३ देखि ७ वर्षमा देहावसान भएको पाइएको थियो । यसबाट सेवा निवृत्त हुने मानिसहरूमा सेवानिवृत्ति पश्चात् जीवन जीउने कलाको ज्ञान नभएको कठिन यथार्थको खुलासा हुन्छ ।

मुटु रोग पछि नैराश्यता (depression) एक्काइशौं शताब्दिको प्रमुख रोग हुने विश्व स्वास्थ्य संगठनको अनुमान रहेको सन्दर्भमा ज्येष्ठ नागरिकहरूमा पनि यसको प्रभाव रहनु स्वाभाविक देखिन्छ र यसबाट समाजमा नैराश्यता जस्ता रोगबाट पर्ने गम्भीर प्रभावका विषयमा अनुमान लगाउन सकिन्छ ।

भनिन्छ वृद्धावस्थामा मानिस नैराश्यता, रक्तचाप, मधुमेह, हृदयरोग जस्ता समस्याबाट ग्रसित हुने गर्दछ र समाजबाट स्वीकार्यता

(acceptance), सम्मान (respect), प्यार आदिका अभावमा यी वर्गका जनसमुदायमा नैराश्यता वृद्धि हुंदै जाने र लामो समयसम्म समाजको सम्मानित ओहदामा बसे पछि एकाएक सामान्य अवस्थामा रहनसक्ने सामर्थ्यको अभावमा शीघ्रातिशीघ्र शरीर छाड्ने अवस्था आएको पाइन्छ ।

मानिसको समष्टिगत मनोविज्ञानको अध्ययनका लागि आध्यात्मिक पक्षको पनि जानकारी हुनु आवश्यक छ (Andrew Powell, Spirituality and later life, a personal perspective, Old age psychiatrist, Royal college of psychiatrist, 2006), तथा वृद्ध मानिसको स्याहार सुसार गर्नका लागि उसको शारीरिक पक्ष मात्र होइन आध्यात्मिक पक्षको पनि ख्याल हुनु आवश्यक छ (Michael Collyer, Assisting Spirituality in residential establishment, Discovering faith in later life, Abbeyfield, UK, 2009) एवं यस समस्यालाई सम्वोधन गर्नकालागि आध्यात्मिक वा धार्मिक उपाय प्रभावकारी हुन सक्तछ (Rachel Dew and Harold Koenig, Religion/spirituality and depression in old age, pp 250) भन्ने भनाइहरूको यहाँ सान्दर्भिकता रहेको पाइन्छ ।

ज्येष्ठ नागरिकहरूलाई हिन्दु, बुद्ध, इस्लाम, ईसाई आदि सबै धार्मिक मत तथा दर्शनहरूमा सम्मान गर्ने र उनीहरूको ज्ञान र सीपबाट समाजले लाभ उठाउनुपर्ने उल्लेख भएको पाइन्छ । तथापि यस अवस्थामा प्रायः पति वा पत्नी मध्ये एक जनाले अघिपछि देह छाड्न सक्ने भएकाले जीवित वृद्ध वा वृद्धाले एकाकीपनको अनुभव गर्ने सबै भन्दा कठिन अवस्थाको सामना गर्नका लागि पनि आध्यात्मिक शक्ति नै एक मात्र अचूक उपाय हुन सक्तछ ।

हामी सबै आत्माहरू एक उसै परमपिता परमात्माका सन्तान हौं । हामीहरूलाई पत्नी, छोरा, छोरी, नाति, नातिना, इष्टमित्र, सम्वन्धी सबैले समय, परिस्थिति र सामर्थ्यको अनुकूल भइयुन्जेल साथ दिए पनि सदा सुख-दुःखमा साथ दिने एक परमात्मा मात्र हुनुहुन्छ । अझ मानिसको स्वभावले सुखमा परमात्मालाई विर्सने र दुःखमा मात्र सम्झने भएकाले त्यस परमात्माबाट दुःखमा मात्र हामी मानिसहरूले साथ प्राप्त गर्दछौं । अतः दुःखमा मात्र परमात्मालाई सम्झने यस स्वार्थीपनलाई समाप्त गर्नका लागि हामी मानिसहरूले सदा ईश्वरको स्मरण गर्ने र यो अमूल्य मानव जीवन सफलतापूर्वक विताउनका लागि सके बाल्यावस्थादेखि नै नभए युवावस्थाबाटै र त्यति पनि नभए वृद्धावस्थामा त जसरी भए पनि सबै मानवमात्र तथा चराचर प्राणी उपर दया, करुणा, प्रेम, स्नेह र वात्सल्यभावले कल्याण मात्र गरिरहने सदाको साथी सदाशिव वा सदा कल्याणकारी एक परमात्माद्वारा निसृत गुण, शक्ति र सामर्थ्यको अवलम्वन गरी जीवनलाई सार्थक बनाउन सके वाँकी जीवन सार्थक हुने निश्चित छ ।

बृद्धावस्थामा शारीरिक एवं मानसिक समस्या विद्यमान हुन्छ । मानसिक समस्या समाधान गर्नका लागि पनि मानसिक रूपमै तयार हुन आवश्यक छ । राजयोगको अभ्यास यस सन्दर्भमा उपयोगी हुने पंक्तिकारको अनुभव भएकोले यस सम्बन्धमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको हो । खासगरी बृद्धावस्थामा मानिस अत्यन्तै सम्बेदनशील हुने, अरूले आफूप्रति देखाउने भावबाट तत्काल प्रभावित

भइहाल्ने, अरूबाट सद्भाव, सहयोग, स्नेह, सम्मानको अपेक्षा रहिरहने हुन्छ । अझ भनिन्छ बुढेशकालमा मानिस केटाकेटी समान हुन्छ । केटाकेटीलाई हप्काउन सकिएला तर बृद्धावस्थामा त्यो पनि भएन । यसरी हेर्दा बृद्धावस्थामा मूलत मानसिक रूपमा सशक्तीकरणको आवश्यकता पर्ने देखिन्छ । अझ भनौं बृद्धावस्थाको समस्या मूलतः चिन्तनमा भर पर्दछ, विचारमा भर पर्दछ। त्यसैले पनि यहाँ राजयोगको प्रसङ्ग उल्लेख गरिएको हो । राजयोगमा खास गरी विचारको निर्मलीकरण, सशक्तीकरण र विस्तृतीकरणको कार्य गरिने भएकाले बृद्धहरूलाई प्रतिकुल परि स्थितिमा पनि आफूलाई समायोजन गर्न सक्ने क्षमता प्राप्त हुने भएकोले यसको सान्दर्भिकता पुष्टि हुने देखिन्छ ।

आज विश्वमा खास गरी विकसित मुलुक र केही हद सम्म विकासशील मुलुकहरूमा पनि बृद्धावस्थामा देखिने एक प्रकारको जटिल रोग विर्सिने रोग (dementia) हो । यो रोग स्मरण शक्तिलाई अक्षुण्ण राख्न आवश्यक एक तन्तुमा विस्तारै सुखापन आउन थालेपछि बृद्धि हुदै जाने र यसको उपचार खासै नभएको पाइन्छ। यस्ता विमारीहरूले भर्खरैको कुरा पनि विर्सिने, कतिपयले आफ्नो स्मरणमा भएको असान्दर्भिक कुरामा जिद्दी गरिरहने, कतिले त विमारी बढ्दै गए पछि आफ्नै परिवार जनलाई पनि चिन्न छाडिदिने र घर बाहिर निस्किए पछि घर जाने बाटै विर्सने सम्मको अवस्था आउन सक्ने भनिन्छ। यस्तो अवस्था हुन नदिनकालागि राजयोगको अभ्यास उपयोगी हुनेमा केही मनोवैज्ञानिकहरू आशावादी भएको कुरा अनौपचारिक कुराकानीमा व्यक्त भएको पाइकोले यहाँ यस विषयमा चर्चा आरम्भ गरिएको हो । यस सन्दर्भमा साप्ताहिक आधारभूत कोर्सबाट आरम्भ हुने राजयोगको अभ्याससँगै प्रदान गरिने स्व-व्यवस्थापन नेतृत्वकला, तनाव व्यवस्थापन, सकारात्मक जीवनशैली, समय व्यवस्थापन आदि नियमित प्रवचनमालाबाट पनि वृद्धवृद्धाहरूले लाभ लिन सक्ने देखिन्छ ।

खासगरी राजयोगले वृद्धावस्थाको अविनाशी साथी एक परमात्मासँगको साख्यै सम्बन्ध स्थापित गरिदिने भएकाले यस अभ्यासबाट मनभित्रका यावत् समस्याहरूलाई समाधान गर्ने आँट, जाँगर र समझ प्राप्त हुने भएकोले यो अभ्यास उपयोगी हुन सक्ने कुरा पंक्तिकारले अवलोकनका आधारमा प्रक्षेपण गर्ने धृष्टता गरेको हो । यसको मतलव अन्य आध्यात्मिक एवं वैज्ञानिक उपायहरूलाई परगेल्न खोजेको कदापि होइन ।

राजयोगको अभ्यास भनेको माथि भने झैं मूलतः मनको व्यवस्थापन हो । भनिन्छ राजयोगले जटिल भनिएका कैयौं व्यक्तिगत, पारिवारिक, सामाजिक एवं मानवीय समस्याहरूलाई मनको सरल व्यवस्थापनबाट समाधान गर्ने मार्ग प्रशस्त गरिदिन्छ । वृद्धावस्थाको असल र सदा साथ रहने मित्र, सुख दुःखको साथी, सहयोगी र सर्व समस्याको समाधानको उपाय एक परमात्मालाई बनाउन र सर्वौषधिका रूपमा आत्मा एवं परमात्माको ज्ञान सहितको राजयोगलाई उपयोग गर्न सकिने तथ्य यहाँ स्मरणीय छ । मानिसका यावत् मानसिक समस्या समाधान भए पछि शारीरिक समस्या बाँकी नै रहन्नन् वा रहे पनि नभएको बराबर हुन्छ ।

हामी सबै आत्माहरू उही एक परमपिता परमात्माका सन्तान हौं भन्ने उल्लेखित सत्यलाई

बिर्सेर विभिन्न धर्म सम्प्रदायमा विभाजन भई एक आपसमा विभेदका दृष्टिले हेर्ने कमसल मार्गमा लागी हामी मानव आत्माहरू अल्मलिएका छौं । अब यस प्रयोजनका लागि संसारका सबै धर्म, सम्प्रदाय, देश, काल, परिस्थितिका आत्माकालागि आ-आफ्ना सत् मर्यादाहरूको पालनालाई कायम राख्दै सर्वोपयोगी र सर्वस्वीकार्य मार्ग प्राप्त गर्न नेपालमा सयौं र विश्वमा हजारौंका संख्यामा रहेका ब्रह्माकुमारी राजयोग सेवा केन्द्रहरूमा गई परमपिता परमात्मा शिवबाबाको काखमा आफूलाई समर्पण गरी जीवनको उत्तरार्धको बाँकी जीवन सुखमय बनाउन सम्पूर्ण वृद्ध-वृद्धाहरूमा सविनय आह्वान गर्दै यो संक्षिप्त चर्चा टुंग्याउने अनुमति चाहन्छु ।

---

पेज १० को बाँकी अंश..

संस्कारले दिक्षीत गरिदिनुहुन्छ । जसबाट मानिस प्रथमतः स्वयंलाई स्वअध्याय र राजयोगको निरन्तर अभ्यासबाट पावन, स्वच्छ, र निर्विकारी बनाउन सफल हुन्छ । व्यक्ति स्वस्फूर्त रूपमा स्वअनुशासित र स्वनियन्त्रित बन्न सफल हुन्छ तथा आम जिन्दगी भन्दा महान्, पवित्र र राजयोगी जीवन जीउन थाल्दछ । उसको जीवन आध्यात्मिक ऊर्जा र दिव्य गुणको सुगन्धले सुशोभित हुन पुग्दछ । एउटा विशिष्ट र महान् व्यक्तित्वको धनी बन्दछ । त्यस्तो व्यक्ति आफ्नो लागि जिउने न भएर समग्र जगतको कल्याणका लागि जिउने गर्दछ तथा प्रेरणाको नमूना (role model) बन्दछ ।

वर्तमानयुगको पुनीत अवसरमा शारीरिक, भौतिक, सामाजिक, शैक्षिक क्षेत्रमा योगदान गर्नुका साथ साथै आध्यात्मिक, नैतिक, चारित्रिक मूल्यहरूको बलबाट मावन जातिलाई सक्षम र योग्य बनाउनुपर्ने नितान्तै आवश्यकता छ । हामीले भौतिक रूपमा मानव समाजलाई जति सुकै समृद्ध र सम्पन्नशाली बनाए पनि जीवनको वास्तविक उद्देश्य र लक्ष्य पूर्ण हुन सक्दैन । मानव जीवन र समाज दुःख, दरिद्रता, जटिल समस्या, अपराध, शोषण, युद्ध र हिंसा हत्याको कुचकमा रहिरहन्छ । सुखद जीवन र सुखद संसारको पुनर्स्थापना गर्न सकिदैन । अतः मानव जातिको पूर्ण उद्धार र कल्याणका लागि आफूलाई शुद्ध, पवित्र आध्यात्मिक शक्तिको अनुपम नमूना बनाएर सबै प्रति शुभ भावना, शुभकामना राख्दै शक्ति र सकाश दिने काम गरौं । आजको युगमा मानिस धन र दौलतको भोको छैन बरु आत्मिक शक्ति, मनको शान्ति र शुद्ध संकल्प तथा सकारात्मक वृत्तिको भोको छ । तसर्थ आफूले योग साधनाको निरन्तर चिन्तनबाट संचित गरेको आध्यात्मिक उर्जाले कमजोर मनस्थितिका मानिसलाई बल प्रदान गरी सधाउने, सहयोग दिने र उसका आन्तरिक दुःखका आँसुलाई समाप्त गर्ने काम गरौं । समयले यस उच्च कोटीको परोपकार र पुण्यको काम गर्न इच्छुक आत्माहरूलाई अवसर प्रदान गरेको छ । तसर्थ आउनुहोस् महान् परोपकार र विश्व कल्याणको कार्यमा सहर्ष हातेमालो गर्दै सुन्दर संसार र समाजको निर्माण गरौं तथा सुखद जीवन जीउन सिकौं ।



# सत्यको विजय

तुलसीप्रसाद घिमिरे, सरस्वतीनगर

पौराणिक कालको कुरा हो । माण्डव्य ऋषि कुटीमा सधै ध्यानमा तल्लीन रहन्थे । उनले आफ्नो दाहिने हात सूर्यलाई अर्पण गरेर समाधीमा रहन्थे । कुटी अत्यन्त शान्त वातावरणमा जंगलको वीचमा थियो । आफ्ना शिष्यहरूबाट जे मिल्थ्यो त्यही सात्विक भोजन गरेर उनको जीवन चलेको थियो ।

एकदिनको कुरा हो । एक हुल चोरका जमात भाग्दै भाग्दै त्यहीँ आइपुगे । लुक्नेठाउँ कतै नदेखेपछि कुटी भित्र छिरेर बच्ने उपाय खोज्दै थिए । उनीहरूको पछि पछि सिपाहीहरू लखेट्दै थिए । त्यस रात राजाको दरबारमा ती चोरका जमातले राजाको ढुकुटी फोरेर सुन, चाँदी, हीरा, मोती, नगद सबै चोरेर भागेका थिए । भाग्ने क्रममा जंगलको बाटो गर्दै त्यही कुटीमा आइपुगे । चोरहरूले कुटी भित्र पसेर बच्ने उपाय सोचे हत्तनपत्त त्यही कुटी भित्र छिरेर आफ्ना धनमाल सबै पाण्डव्य ऋषिका कुटी भित्र लुकाए । ऋषिमुनि आँखा बन्द गरेर आफ्नो ध्यानमा तल्लीन थिए । चोरहरूले हतार हतारमा आफ्ना बस्त्रहरू सबै खोली ऋषिका वरिपरि धुनी जगाएको ठाउँबाट खरानी धसेर ऋषि जस्तै गरी समाधी कसेर ध्यानमा मग्न रहे । राजाका सिपाहीहरू खोज्दै खोज्दै त्यहीँ आइपुगे । चोरको जमात जंगलभित्र लुकेको हुनुपर्छ भन्दै खोज्दै जाँदा कुटी भित्र पसे । सबै त ध्यानमा मस्त छन् यिनीहरू कसरी चोर हुन सक्लान भन्दै कुटी बाहिर निस्कन लाग्दा कुटी भित्रको कोठामा राजाका धनमाल, सुन चाँदी, हीरा, मोती पोकाहरू त्यही फेला पऱ्यो ।

सिपाहीहरू छक्क परे । कुटीको वरिपरि धुनी जगाएर, ध्यानमा मग्न रहेका व्यक्तिहरू कसरी चोरहहरू हुन सक्लान् ? पत्यार नलागे पनि चोरीका प्रमाण भेटिए पछि सिपाही मध्येका एक जना हाकिमले आदेश दियो । यी चोरका जमात सबैलाई पाता कसेर, हतकडी लगाएर राजाको अगाडि दाखिला गर्न तयार गर । सिपाहीका मालिकले अझै थपे "यी चोरहरू मध्ये हात ठाडो पारेर ध्यान गर्ने चाँहि हेर्दा खेरि चोरको सरदार हुनुपर्दछ । यसलाई कडा भन्दा कडा यातना दिएर छिटो भन्दा छिटो राजाको दरबारमा दाखिला गर ।" सिपाहीको मालिकले जे आदेश दिए सिपाहीहरूले त्यसै गरे । माण्डव्य ऋषि आफ्नो समाधीबाट आँखा खोलेर बाहिर हेर्दा त आफ्नो वरिपरि खरानी धसेर बसेका थुप्रै मानिसहरू र तिनलाई पाताकसेर लडाएको र आफूलाई पनि यातना दिन सिपाहीहरू तम्तयार भएको देखेर आश्चर्य चकित भए । केही बोल्न नपाउँदै, आफ्ना कुरा भन्न नपाउँदै हतकडी लगाएर, लछारपछार गर्दै लिएर जान थाले ।



व्यर्थलाई समर्थमा परिवर्तन गर्नु नै नम्बरवनमा आउनु हो

घटना के थियो ? कसरी भयो ? उनलाई पत्तै भएन । उनले प्रतिकारमा एक शब्द पनि बोल्ने मौका पाएनन् । तर आफ्नो शालीन व्यक्तित्व र चमकदार अनुहारमा अलिकत्ति पनि मलीनता थिएन । चोरको सरदार जस्तो देखिने व्यक्तिको व्यक्तित्वबाट सिपाहीहरू भने छक्क थिए ।

राजाको दरबारमा दाखिला गराए पछि दरबारका सारा मानिसहरू भेला भए । शहरका सारा मानिसहरू राजाको ढुकुटीको धनमाल फेला परेकोमा खुशी थिए । राजाको कुरतापूर्ण सजाय सुन्न अनगिन्ती मानिसहरू त्यहाँ ओइरिए ।

राजाका अगाडि कडा यातनाकासाथ उभ्याएका चोरहरू र लामो लामो दाह्री पालेका, एउटा ठाडो पारेर ठडयाएका, कपालको ठूलो गुजुल्टो बनाएर टाउकोमा बेरेका, जीउभरी खरानी धसेका ती व्यक्तिहरूको सबैले एक-एक निन्दा र घृणा गरे । विशेष गरेर चोरको सरदार माण्डव्यलाई धेरै निन्दा र अपशब्दले गाली गरे ।

राजा आफ्नो सिंहासनबाट तल झरेर सिपाहीका मालिकलाई कडा आदेश दिए कि चोरहरूलाई कोर्रा हानेर मृत्यु दण्ड दिइने र चोरका सरदारलाई शुलीमा चढाएर मृत्युदण्ड दिइनेछ भनी घोषणा गरे ।

यो फैसला सुने पछि चोरहरू मरे तुल्य भए । ती सबै निष्प्राण जस्ता देखिन्थे तर माण्डव्यका अनुहारमा भने कत्तिपनि मलिनता थिएन । अधैर्य देखिएको थिएन । उनी कत्ति पनि विचलित नभएको देख्दा दर्शकदीर्धाका सारा मानिसहरू आश्चर्यचकित थिए ।

राजाको हुकुम भयो । विशेषतः चोरीको बन्दोबस्त मिलाउने चोरको सरदारलाई टाउको तल, खुट्टा माथि पारेर झुण्डयाउनु र तताएको फलामको सुइरो पैतालाबाट छिराएर तालुमा निकाल्नु यो आदेश सुन्नासाथ सारा उपस्थित जन समूह स्तब्ध भए । एकै छिन वातावरणमा सन्नाटा छायो । सबै मौन र निस्तव्ध रहे । ती चोरहरू मध्येको एक जना सत्यताको खुलासा कसरी गर्ने होला भनी उपाय सोच्दै थियो । उसले राजाको अगाडि छाँद हालेर कराउँदै कराउँदै खडा थियो । आफ्ना केही कुरा भन्ने गम्भीर आग्रह गरे पछि राजाले थोरै समय भन्ने मौका दिए ।

घटनाको सारा वृत्तान्त उसले बतायो यो चोरहरूको जमातमा साथीको बहकाउमा ऊ पनि फसेको थियो । कुसंगतमा परेर आफू चोरको जञ्जालमा परेको कुरा बताउँदै माण्डव्य ऋषिको आश्रममा पुग्नुको यथार्थ घटना पेश गर्‍यो । माण्डव्य निर्दोष, साधु, सज्जन र निरपराधी भएको कुरा खुलासा भए पछि राजा अत्यन्त लज्जित भए । सिंहासनबाट तल झरेर शुलीमा चढाउन तयार पारिएको बन्धन आफ्नै हातले फुकाई दिएर माण्डव्यको पाउमा परे । आफूले न्याय सम्पादनमा गरेको भूल प्रति ठूलो ग्लानि महसुस गरे । भूलमा क्षमा याचना गरे । यसरी माण्डव्य यातना मुक्त भए । अरू चोरहरूलाई जेल चलान गरियो । अन्त्यमा सत्यको विजय भयो । संसार सत्यतामा अडिग रहने कुरा चारितार्थ भयो ।

# कलियुगका अन्तिम चरणका चिह्नहरू

महाभारतमा एक प्रसंग आउँछ । एक पटक पाण्डवहरूले गीताका भगवान्सँग सोधे – भगवान कलियुग जसलाई हजुर पतन र अधर्मको युग भन्नुहुन्छ त्यसका लक्षणहरू के -के हुन् ? हामी यो पनि जान्न चाहन्छौं कि हजुरको अवतरणको समयको चिह्न के - के हुन्छ ?

भगवान्ले यस प्रसंगको उत्तर बडो रमणिक, रोचक र लाक्षणिक रूपले दिनुभयो । कथाका अनुसार भगवान्ले बताउनु भयो – प्रिय पाण्डवहरू, यदि तपाईहरू कलियुगको अन्तिम चरणको लक्षण जान्न चाहनुहुन्छ भने जानुहोस् बेग्लाबेग्लै दिशामा घुमेर आउनु होस् । एक घण्टा भित्र फर्केर आएर मलाई बताउनुहोस् कि तपाईले के देख्नु भयो ? तपाईलाई जुन विचित्र कुरा देखिन्छ त्यसको यहाँ फर्केर आएर वर्णन गर्नुहोस् ।

"तथास्तु" " जस्तो आज्ञा" होस् हामी जान्छौं जाऔं हिडौं र हेरौं – यस्तो भनेर पाँचै भाइ बेग्ला बेग्लै दिशामा हिडें ।

अहिले एक घण्टा पनि भएको थिएन पाँच जना नै फर्केर आए र उनीहरूले आ-आफूले देखेका विचित्र कुरा सुनाए ।

युधिष्ठिरले भने– मैले एक यस्तो हात्ती देखे जसको दुई सुड थियो ।

भीमले भन्यो – मैले एक गाई देखे जसले आफ्नै बाच्छीको दूध खाइरहेको थियो ।

अर्जुनले भन्यो– मैले एक पंछी देखे जसको पञ्जामा मन्त्र लेखिएका थिए तर त्यसले मुर्दालाई ठुंगेर मारेर खाइरहेको थियो ।

नकुलले भन्यो – मैले तीन कुवा देखे । एक कुवा भरिएको थियो र त्यसको नजिकै अर्को कुवा एकदमै सुख्खा थियो र तेस्रो कुवा जुन केही टाढा थियो यसमा पहिलो कुवा बाट पानी आइरहेको थियो ।

सहदेवले भन्यो– मैले एक पहाडबाट धेरै ठूलो पत्थर खसेको देखे । त्यसले बाटोमा पर्ने वृक्षहरूलाई तोडदै भाच्दै तल आइरहेको थियो तर मैले आश्चर्यको कुरा यहाँ के देखे भने त्यो पत्थर एक स्थानमा आएर एक त्यान्द्रोको साथमा आएर अड्क्यो ।

अब पाँचै भाइ भगवान्को सामुन्ने गएर आफ्नो प्रतिउत्तरको प्रतीक्षा गर्न थाले । आखिर भगवान्ले यसको रहस्य के बताउनु हुन्छ ।

भगवान्ले भन्नुभयो – युधिष्ठिरले जुन दुई सुड भएको हात्ती देखे, पहिले त्यसको भाव सुन । हात्ती राजाको सवारी हो र राजसत्ताको सूचक हो । हात्ती सुडले नै समात्छ, दवाउछ र खान्छ, पिउछ । अतः यसको अर्थ यही हो कि कलियुगको अन्तमा राजा वा शासक धनी र गरीब दुबैबाट खान्छन् । वादी-प्रतिवादी दुबैबाट पेसा लिन्छन् । राजा वा शासकको मनमा दया र सेवाभाव नभएर लुट-पाट गरेर जस्तो-त्यस्तो, वैध-अवैध दुबै तरिकाले र प्रार्थी तथा अभियुक्त

दुबैबाट छिना-झिप्टी गर्ने चेष्टा हुनेछ ।

भीमले गाई र बाच्छीको जुन दृश्यको बारे बताए त्यसको भाव पनि सुन्नुहोस् । यसको भाव यही हो कि आमा अथवा आमा-बाबु आफ्नै पुत्रीको कमाइ खानेछन् ।

अर्जुनले जो पंछी देखे त्यसको भाव के थियो ? त्यसको अर्थ यही हो कि कलियुगको अन्तमा ब्राह्मण, पण्डित, पुरोहित, पुजारी, प्रचारक, मन्त्रपाठी आदि अभक्ष्य खाने हुन्छन् अर्थात् अशुद्ध आहार गर्नेछन् । ती मन्त्रका ज्ञाता भएर पनि आचरणमा भ्रष्ट हुनेछन् । चरणको पूजा गराउनेछन् । आचरणबाट निकृष्ट हुनेछन् ।

नकुलले तीन कुवा देखे, ती कुन कुराका प्रतीक थिए ? पहिलो कुवाले आफ्नो सँगैको कुवालाई पानी दिइरहेको थिएन तर टाढाको कुवालाई पानी दिइरहेको थियो । सँगैको त सुकिरहेको थियो । सुख्खा थियो । कलियुगको

बाँकी अंश पेज ३२ मा...

# मनाऊँ विजया दशमी

रामकाजी, सिमरा

स्वयम् शिवको यो धरामा, दिव्य अवतरण भई ।
ब्रह्माकुमारी दिदीहरुलाई, शक्ति सेना बनाई ।
गराउन विजय रावण माथि, हामी सबैलाई ।
खोलिएका छन् ईश्वरीय विद्यालय, विश्व भरि भाइ ।

दिएर सत्य ज्ञान हामी भित्रको, अज्ञान मेटाउन ।
बनाएर सतोप्रधान आत्मा, परमात्मा सँग भेटाउन ।
भगवान् वाचामा प्रतिवद्ध भई, संसारको मुहार फेर्न ।
जगमगायो नारी शक्ति अब, धरामा स्वर्ग ल्याउन ।

साक्षात् देवी ब्रह्माकुमारी, यिनै सत्य दुर्गा हुन् ।
विकाररूपी दानवहरुलाई सधैं विनाश गर्दछन् ।
परमात्मा यादमा शक्तिकी नवदुर्गा बनी, प्रकट भएकी छन् ।
बन्दछन् पावन यिनको दृष्टिले ब्रह्माण्ड हरएक कण ।

संसारका सबै मित्रहरू, हामी पनि ईश्वरीय विद्यालयमा पढौं ।
अत्मिक स्मृतिमा टिकेर सधैं, भाइभाइको दृष्टि पक्का गरौं ।
गरी सधैं राजयोगको अभ्यास, सत्य ज्ञान सबैले भरौ ।
आपसी स्नेहको शुद्ध किरणहरुलाई, संसारभरि छरौं ।

मान्दछौं जब शिव श्रीमतलाई, संगम युगमा हामी ।
नारी पुरुष दुवै मिली परमात्मा यादमा, बनाऊँ जीवन नामी ।
रुद्र यज्ञमा स्वाहा बनाऊँ, बनेर पञ्च विकारको मलामी ।
दशै विकार मुक्त समाज बनाएर, मनाऊँ विजया दशमी ।



# म केवल आत्मा हुँ

दिलीप भाइ, इलाम

म केवल आत्मा हुँ त्यो भन्दा बढी परिचय मेरो छैन । हुन त म राजा, मन्त्री, बाबु, आमा, भतिजो, मामा मध्ये केही हुँ तर वास्तवमा यी सबै म होइन । यो मैले केवल सृष्टि रंग मञ्चमा पाएको नाम, मान, शान र नाता मात्र हो । म भनेको आत्मा हुँ । तसर्थ मलाई निधारको बीच भाग भृकुटीमा राखेर मलाई बिर्सीएर केवल शरीरको शृङ्गार भित्र रमाउन चाहने सबैलाई म प्रेमले भन्छु, निःस्वार्थ प्रेमले म आत्मा हुँ, मेरो स्वधर्म शान्ति हो र मेरो घर परमधाम हो । म अजर छु, अमर छु, अविनाशी छु अनि अत्यन्त सूक्ष्मातिसूक्ष्म ज्योति स्वरूप छुँ । मेरो नाटक पूरा भए पछि मैले आफ्नो घर फर्कनै पर्छ । मैले यो शरीरमा भूल्नु छैन र डुल्नु पनि छैन । पूर्व सन्ध्या अनुसार मैले जति यहाँ यो शरीर लिएर भूल्नु थियो, डुल्नु थियो, भुलिसकेँ डुलिसकेँ ।

आजको परिवेशमा परम प्रिय परमात्माको सबैभन्दा प्यारो सन्तान मानव जातिको पहिचान नै लोप हुने प्रायः भइसकेको छ । मानवको मुहारमा त सबै छन् तर कोही सिहं छन् कोही विरालो त कोही लाटेकोसेरो । के मानवले सिंह, बिरालो, लाटेकोसेरो झैं हुन सुहाउँछ पक्कै सुहाउँदैन । मानव आफूले नै यो परमात्माको धरतीरूपी बगैचामा फूलको बगैचा तयार गर्नुपर्नेमा काँडाको जंगल तयार गर्दैछन् । यो परिवार, समाज, देश आफ्नै थियो फेरि पनि आफ्नो ठान्नमा हिच्किचाउँछन् । संशयमा आउँछन् शुद्ध संकल्प र निश्चयताले जरो गाडन सकेको पाइँदैन मानव मन बेतौड तरीकाले बेलगामी घोडा जस्तो भागिरहेको छ । चारैतर्फ क्रोधको ज्वाला दन्किरहेको छ । शान्ति सुखको आभास पनि पाउन कठिनाइ भइरहेको छ । राज्य सत्ता, धर्म सत्ता र विज्ञान सत्ता भित्र पनि खिचातानी हुने गरेको छैन भन्न सकिने अवस्था छैन । यिनै सत्ताभित्र रमाएका व्यक्तित्वहरूलाई नजर अन्दाज गर्दा उनीहरूमा आफ्नै स्थिति सुधार्न नै गाह्रो भइरहेको छ । के को तालमेल मिलाउन परेको हो । खै कुन्नि मलाई त थाहा पनि छैन । म त देख्नु यो देश मेरै थियो सबै आत्मा नै थिए र हुन् । तर देह-अभिमान छ सबैमा । म केवल आत्मा हुँ यसलाई भुलेका छन् । म तिनै देहअभिमानीहरूकै शरीरमा छु, शान्त स्वरूपमा छु । मेरो शान्तिपनको कदर छैन । कुर्सीको लडाईं छ । म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो उखान चरितार्थ भए झैं छ । मैले आफूलाई भुलेको छु र शरीर भएको छु अनि शरीरको वशमा छु। म त यस धरतीमा यो शरीरको खोल आढेर केही समयको लागि अभिनय गरिरहेको छु । मेरो पार्ट (अभिनय) पूरा भए पछि यो शरीर शरीरसँगको नाता सम्बन्ध, मान, शान सबै छोडी आफ्नो घर परमधाम जानु नै छ । त्यसैले अब म यी सबै मलाई (म आत्मालाई) भुलेका देहमा रमाउने र देहमा डुल्ने सबै शरीर प्रेमीहरूलाई सजग गराउँदैछु । अशरीरी बनौं, विदेही बनौं अनि आत्मअभिमानी बनौं । राज्य



सधैं सन्तुष्ट रहेर सबैलाई सन्तुष्ट गर्नेवाला नै सन्तुष्टमणि हो ।

गरौं राजा जनक समान, कर्म गरौं अष्टावक्र समान ।

"तिमी सोच ठण्डा दिमागले सोच" । त्यहाँ तिनीहरूको हुकुम चल्दैन जो देहअभिमानी छन् । यो संसारको रचयिता केवल एक निराकार परमात्मा शिव हुन् तिमीहरू पनि केवल परमात्माका रचना मात्र हौ । तिमीले प्रयोग गरेका सबै चीज वस्तु वैभव विनाशी हुन् भने तिम्रो शरीर पनि विनाशी छ, अरू त के कुरा गर्छौ ? यो जसलाई आफ्नो भनिरहेका छौ र अझ आफ्नो बताउन चाहिरहेका छौ ती कुनै पनि कुरा तिम्रा होइनन् । तिमीमा धेरै ठूलो अभिभारा र अख्तियारी सुम्पेर तिमीलाई परमात्माले पठाएका हुन् । परमात्माले ब्रह्मा, विष्णु, शंकरलाई उभ्याई आ-आफ्नो कर्तव्य पूरा गर्न सुम्पनु भए झै यो धरतीरूपी बगैचामा आफ्नो आफ्नो क्षेत्रबाट कर्तव्य पूरा गर्न म पनि तिम्रो शरीर भित्र प्रवेश गरी तिमीलाई धर्म सत्ता, राज्य सत्ता र विज्ञान सत्ता भित्रको जिम्मेवारी दिई उभ्याएको छु । ड्रामा अनुसार पार्टधारी भएर पार्ट खेल भनी अह्राएको छु । स्मृति गरी हेर विस्मृत नहोऊ । राज्य सत्ता, धर्म सत्ता र विज्ञान सत्ता भित्र इमान्दारी वफादारी र जिम्मेवारीका साथ खिचातानीमा नगरी नै तिमीले पार्ट बजाउन सक्छौ । ठूलो भाग खोजेर हुँदैन, भाग बण्डामा पर्छ पर्दैन भनी कसैलाई डर त्रास देखाउन सिंह हुनु पनि छैन । विरालो झैं म्याऊ म्याऊ गर्नु पनि छैन । किनकि तिमी भन्दा माथि अरू कोही छ ती माथिकाले नै तिम्रो ड्रामा फिक्स गरिदिएका छन्, तिमीले चाहेर हुनेवाला केही छैन तसर्थ लोभी नबन, लोभमा नफस । त्यही लोभले तिमीलाई नर्कमा डुबाई दिन्छ । आफ्नो पुरुषार्थ र मेहनतको कमाईमा रमाउने बानी गर, यो नै सर्वोत्तम उपाय हो ।

तिम्रो दिल, दिमाग र पौरख यो परिवार, समाज, देश र विश्व निर्माणको हितमा लगाऊ । निकट भविष्यमा नै सत्ययुगी दुनियाँको राज्य स्थापना हुनेवाला छ परमात्मा शिवबाट आत्मा सतोप्रधान बनाउने काम भइरहेको छ । पवित्रता, शान्ति, सुखको बीज रोप्ने काम हुँदैछ । आज तिमीले यस कुरालाई नकार्छौ भने तिम्रो पतन पनि निश्चित छ । हिजोका दिनहरूमा विश्वमा देखा परेका अनेकौं घटनाक्रमहरूलाई नै हेर्ने हो भने पनि घटना क्रमले के जनाउँदैछ, सोच राज्य सत्ता भित्र एकले अर्कोलाई पछार्ने खेल भइरहेको, त्यस्तै धर्म सत्ता भित्र एकले अर्कोलाई हिलो छ्यापा छ्याप गर्ने काम भइरहेको छ भने विज्ञान सत्ता भित्र पनि को पहिला हुने ? होडबाजी चलिरहेको देख्नमा सुन्नमा नआएको होइन । के यस्ता यी कुराहरू मानवोपयोगी हुन त ? परमात्मा शिवको सोचाइ अनुरूप सत्ययुगी दुनियाँ निर्माणका लागि सहायक बन्न सक्लान् ? प्रश्न प्रश्न चिन्ह कै रूपमा तिम्रो सामु खडा छ । इमान्दारी, जिम्मेवारी, समझदारी र नैतिकता विर्सेर काम गर्ने र लोभको पछाडि दौड्ने बानीले आज संसारमा काम, क्रोध, लोभ, मोह, अहंकार रूपी रावणले सत्ता कब्जामा लिइरहेको छ । 'काम महाशत्रु हो' भनिएको छ शास्त्रमा पनि तर काम विकारलाई जित्न सकेको कतै पाइँदैन । आजको दुनियाँमा काम विकारले नै भाइ-भाइको नाता तोडिएको छ, क्रोध भरिएको छ, लोभ बढेको छ । देह-अभिमानले ग्रसित हुँदै बसिरहेको दुनियाँ सँग

मैले के आशा गर्नु छ र ? यही अभिमानका कारण तेरो मेरो भेदभाव, तँ भन्दा म ठूलो जस्ता पर्यायवाची शब्दहरूले प्रश्रय पाइरहेको छ र आज शान्ति, सुख, आनन्द, प्रेम खुशीरूपी भोजन मलाई (आत्मालाई) मिलेको छैन । त्यस उसले अशान्ति, दुःख, पीडाको डोको बोकेर हिडन तिमी बाध्य छौ । अब सोच अनि भन एवं रीतले परमात्माले स्थापना गर्न खोज्नुभएको सुख, शान्ति, आनन्दको नयाँ दुनियाँ कसरी आउँछ ? हो सुख, शान्ति, आनन्दको दुनियाँको परिकल्पना गर्ने हो भने र त्यो दुनियाँमा बाच्न चाहने, यही इच्छा छ भने मोहलाई आफुसँग टाँसिनु दिनु हुँदैन । मोह त्याग । मोह भन्नाले सत्ता प्राप्तिको मोह, मान शान प्राप्तिको मोह, १२ औ पुस्ता लाई सम्पत्ति जोडिदिने मोह, अनि रहन सहनको मोह यी सबैलाई जनाउँछ । त्यसैले अबको संसारमा बाँच्नु नै छ भने यी सबै कुराहरू मैले (आत्माले) पचाउने खालका छैनन् । म (आत्मा) तिम्रै शरीरमा विराजमान भएर बसेको छु र म भन्छु तिमीहरू अब काम, क्रोध, लोभ, मोह, अहंकार ईर्ष्या घृणा, द्वेष, क्लेश नफरतबाट टाडा रहेर परमात्मा शिवले देखाउनुभएको मार्गमा लाग । त्यसो भयो भने मात्र शान्ति, सुख, आनन्द तिमीबाट भाग्दै जाने छैन र सुख, शान्ति, आनन्दको सत्ययुगी आत्मअभिमानी दुनियाँ आउने छ । बुझ लौ मैले भनेको कुरा । यदि मैले तिम्रो शरीरमा रमाइरहनुपर्छ भने अब तिम्रो मनको आँखा खोल अनि मुखले बोल र हातले सत्कर्म गर तब मात्र तिमीले सफलताको सिंढी चढ्न सक्छौ । म तिम्रै शरीरबाट बोली रहेछु । यही हो म आत्माको इतिवृत्ति ।

२९ पेजको बाँकी अंश ...

अन्तमा मान्छेहरू आफ्ना निकट सम्बन्धीहरू बन्धु-वान्धवहरूलाई सोध्ने पनि छैनन् न त छरछिमेकीको सहायता गर्नेछन् । ती टाढा देशका मान्छेहरू तथा अन्य जातका व्यक्तिहरूसँग लेन-देन गर्नेछन् र साँठ-गाँठ, नाता-कुटुम्ब जोडनेछन् ।

पहाडबाट जुन पत्थर खसिरहेको थियो त्यो धर्ममा गिरावट आएको प्रतीक हो । धर्ममा गिरावट आउनाले ठूला-ठूला व्यक्तिको पतन हुनेछ । पत्थर सँगै जुन रूख वृक्ष टुटिरहेका थिए ती मान्छेका गिरावटका सूचक हुन् । अन्तमा त्यान्द्रो सँग लागेर पत्थर रुक्नुको अर्थ धर्म गिर्दै -गिर्दै अन्तमा आएर भक्तिमा टिक्नुको प्रतीक हो । कलियुगको अन्तमा धर्म हलुका सलुका भक्तिमा टिकेको हुनेछ ।

यस प्रकार भगवान्ले कलियुगका जुन लक्षण बताउनुभयो ती आजको युगमा प्रत्यक्ष देखिदैछन् । एक रोचक विधिले सत्य कुरा बताइएको छ । तर यी पाँच आश्चर्यको अतिरिक्त छैठौं आश्चर्य यो हो कि महाभारत पढ्ने व्यक्ति यसलाई पढेर पनि सम्झिदैनन् कि यो भगवान्को अवतरणको समय हो । ती भन्दछन् कि कलियुग अहिले बच्चा छ । तर आज हामी देख्दछौं कि धर्मरूपी पत्थर भक्तिरूपी त्यान्द्रोमा टिकेको छ ।






१. तीनकुने, काठमाण्डौ : पूर्व प्रधानमन्त्री तथा सभासद माधवकुमार नेपाललाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी सति बहिनी । २. तीनकुने, काठमाण्डौ : पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी सति बहिनी साथमा श्रीमती चन्द । ३. बालाजु, काठमाण्डौ : पूर्व उपप्रधानमन्त्री तथा सभासद रामचन्द्र पौडेललाई राखी बाँधे पश्चात् ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी साथमा अन्य । ४. कुलेश्वर, काठमाण्डौ : पूर्व उपप्रधानमन्त्री भरतमोहन अधिकारीलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी कविता बहिनी । ५. जनकपुर : सभासद दिनेशलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी गंगा माता । ६. नारायणगढ : सभासद कृष्णभक्त पोखरेललाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी । ७. बनेपा : सभासद कञ्चनचन्द्र वादेलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी साथमा ब्रह्माकुमारी राधिका बहिनी तथा पूर्व मेयर डा. सुरेन्द्र वादे । ८. मन्थली, रामेछाप : पूर्व मन्त्री गणेश शाहलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी विष्णु बहिनी । ९. कुलेश्वर, काठमाण्डौ : राष्ट्रिय योजना आयोगका सदस्य सचिव सोमलाल सुवेदीलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी कविता बहिनी साथमा अन्य । १०. राजविराज : पुनरावेदन अदालत राजविराजका न्यायाधीश शारंगा सुवेदीलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी भगवती बहिनी साथमा अन्य । ११. धरान : पूर्वाञ्चल क्षेत्रीय प्रशासक महाश्रम शर्मालाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी नानीमैंया बहिनी साथमा ब्रह्माकुमारी रीता बहिनी । १२. वीरगंज : पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी योगराज पाण्डेलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी रवीना बहिनी ।














१. काठमाण्डौ : रक्षा बन्धनको अवसरमा महामहिम राष्ट्रपति डा. रामवरण यादवलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी राज दिदी, निर्देशक, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र नेपाल । २. काठमाण्डौ : रक्षा बन्धनको अवसरमा महामहिम उप राष्ट्रपति परमानन्द झालाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी राज दिदी साथमा श्रीमती झा । ३. काठमाण्डौ : रक्षा बन्धनको अवसरमा प्रधानमन्त्री सुशील कोइरालालाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी राज दिदी साथमा ब्रह्माकुमारी मेनुका बहिनी । ४. नारायणगढ : रक्षा बन्धनको अवसरमा प्रधानन्यायाधीश दामोदर प्रसाद शर्मालाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी लक्ष्मी बहिनी साथमा ब्रह्माकुमार ओम गौचन । ५. काठमाण्डौ : रक्षा बन्धनको अवसरमा सभामुख सुभाषचन्द्र नेमवाङलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी राज दिदी । ६. घट्टेकुलो, काठमाण्डौ : रक्षा बन्धनको अवसरमा उपप्रधानमन्त्री, संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी सुगन्धी बहिनी तथा अन्य ।